# बसबरिया गाउँपालिका

## गाउँ शिक्षा क्षेत्र योजना

## (२०८१/८२–२०९०/०९१)

## बसबरिया गाउँपालिका

भवानीपुर,सर्लाही

पुस्तकः- बसबरिया गाउँपालिकाको १० बर्षे गाउँ शिक्षा क्षेत्र योजना

प्रकाशकः बसबरिया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, भवानीपुर,सर्लाही ।

प्रमुख संरक्षकः

गाउँपालिका अध्यक्षः श्री रामसिंहासन राय

संरक्षकः

गाउँपालिका उपाध्यक्षः श्री सरिता कुमारी

गाउँ शिक्षा क्षेत्र योजना निमार्ण समितिः

१. श्री शिवेन्द्र मोहन यादव
२. श्री मिन बहादुर थापा
३. श्री रामाश्रय ठाकुर
४. श्री सुजित कुमार कर्ण
५. श्री जनकलाल अधिकरी
६. श्री पुजा कुमारी
७. श्री मनोज कुमार राय
८. श्री भोजराज पोखेल
९. श्री करण यादव

सर्वाधिकार : प्रकाशकमा निहित

२०८१ साल माघ महिना ११ गते कार्यपालिकाबाट स्वीकृत

प्रथम संस्करणः बि.सं. २०८१

अद्यावधिक : २०८३/०२/०७ गते कार्यपालिकाबाट स्वीकृत

प्राविधिक सहयोग : युनिसेफ नेपाल/USAID Early Grade Learning, पिपल प्रोमोट सेन्टर जनकपुरधाम

बसबरीया गाउँपालिकाको लिखित स्वीकृति विना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन, कुनै बिद्युतीय वा अन्य रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन

## सन्देश

कुनै पनि देशको विकासका लागि शिक्षा अपरिहार्य विषय हो । शिक्षाले एउटा अबोध बालकलाई सभ्य नागरिक बनाउनमा महत्वपूर्ण भुमिका निर्वाह गर्दछ । नेपालको संविधान -२०७२ ले शिक्षालाई मौलिकको रुपमा समावेश गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन-२०७५ले शिक्षालाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क गरेको र माध्यमिक तहसम्म निःशुल्क गरेको सन्दर्भमा शिक्षाको महत्वलाई अझ उजागर गरेकोछ । यसका साथै नेपालको संविधान -२०७२ को अनुसूचि-८ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको हुनेछ भन्ने उल्लेख गरेको र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले माध्यमिक तहसम्मको शिक्षा सञ्चालन तथा व्यवस्थापन, अनुगमन, मुल्यांकन एवं योजना निर्माणको सम्पूर्ण जिम्मेवारी स्थानीय सरकारको रहेकोले बालमैत्री,प्रविधिमैत्री तथा गुणस्तरीय शिक्षा प्रदान गर्नु यस पालि मुल उद्देश्य समेत रहेकोले शिक्षालाई व्यवस्थित रुपमा सञ्चालन गर्न एवं अपेक्षित लक्ष्य प्राप्त गर्न गाउँ शिक्षा क्षेत्र योजनाको आवश्यकतालाई हृदयगम गरी यो शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वियन गरिएको थियो। कार्यान्वियनको समिक्षा सहित यसलाई समयानुकुल अद्यावधिक गरी स्वीकृत गरिएको छ । अद्यावधिक यस योजनाको सफल कार्यान्वियन एवं यसले लिएका उद्देश्य तोकिएको समयमा प्राप्तीका लागि शुभकामना व्यक्त गर्दछु ।

राम सिंहासन राय
गाउँपालिका अध्यक्ष

शुभकामना सन्देश

शिक्षा हरेक बालबालिकाको मौलिक अधिकार हो र यसलाई समावेशी, गुणस्तरीय र व्यवहारिक बनाउनको लागि स्थानीय सरकारको भूमिका अत्यन्तै महत्वपूर्ण छ। गाउँ शिक्षा योजनाले तय गरेको लक्ष्य, रणनीति अनुसारका योजना तथा कार्यक्रमहरु सफल बनाउनका लागि आवश्यक बजेटको प्रवन्ध गरी सम्बन्धित पक्षसँग समन्वय र सहकार्यको माध्यमवाट प्रभावकारी कार्यन्वयनसँगै गाउँपालिकाको शिक्षा प्रणालीलाइ नयाँ ऊर्जा थपी व्यवस्थित बनाइनेछ। योजना अनुरुप विद्यालयहरूमा आवश्यक संरचना, जनशक्ति, शैक्षिक सामग्रीको पहुँच आदि सँगै सिकाइ अनुकुल बातावरण सुनिश्चित गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सकिनेछ। समावेशी नीति, सहभागितामूलक योजना र उत्तरदायी कार्यान्वयनलाई अभिन्न अङ्ग लिएको शिक्षा योजना सफल बनाउन सरोकार पक्ष सबैको सक्रिय सहभागिता रहनेछ भने पूर्ण विश्वास लिएको छु। कार्यान्वयनमा रहेको गाउँ शिक्षा योजनाको समिक्षा सहित अद्यावधिक गरेकोले निर्धारित उद्देश्य प्राप्तिसँगै पालिकाको शिक्षा क्षेत्रको मुहार फेर्न सफल हुनेछ भन्ने आशा व्यक्त गर्दछु।

यस योजना निर्माणको प्रारम्भ देखि अन्त्य सम्म सकिय सहभागी हुने समिति, उपसमिति, जनप्रतिनिधि, शिक्षक, शिक्षा प्रेमी सम्बन्धित सरोकारवालाका साथै प्राविधिक सहयोग गर्ने पिपुल प्रोमोट सेन्टर जनकपुरधाम र EGRP सबैलाई धेरै धेरै धन्यबाद दिन चाहन्छु। पालिकाको सम्वृद्धिका लागि शैक्षिक गुणस्तर अभिवृद्धि अपरिहार्य ठानी अद्यावधिक गरिएको गाउँ शिक्षा योजनाको सफल कार्यन्वयनको शुभकामना व्यक्त गर्दछु ।

सरिता कुमारी
उपाध्यक्ष
बसबरिया गाउँपालिका

# भनाई

शिक्षा प्रणाली स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशअनुकूल आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न राष्ट्रले अँगालेको एक शैक्षिक पद्धति हो। उल्लेखित शिक्षा प्रणालीलाई व्यवस्थित गरी गाउँपालिकाको शैक्षिक उन्ययनको लागि गाउँ शिक्षा योजनाको आबश्यकता महशुस भई निर्माण भएको हो। बसबरिया गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, जातजाति, आदि दृष्टिकोणबाट विशिष्ट पहिचान र विशेषतासहितको प्रचुर सम्भावनाहरू बोकेको एक अनुपम स्थल हो । राष्ट्रियस्तरमा निर्माण भएको योजनाले स्थानीय आवश्यकता, चासो र सरोकार लगायत भौगोलिक, सामाजिक, सांस्कृतिक र प्राकृतिक विशिष्टतालाई पूर्ण रूपमा समेट्न सकेको हुँदैन ।, स्थानीय स्रोत साधनको अधिकतम परिचालन गर्न र स्थानीय संस्कृति तथा कलाकौशलप्रति सम्मान गर्दै शिक्षा प्रणालीलाई थप व्यवस्थित बनाई नवपर्वतनलाई आत्मसात गरी सिकाइ अनुकुल वातावरण निर्माणसँगै विद्यार्थीलाई न्यूनतम शिकाइ उपलब्धी हासिल गराउने ध्येयका साथ यस पालिकाले गाउँ शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

योजनाको प्रभावकारी कार्यन्वयन भयो भने मात्र अपेक्षित सक्षमता/उद्देश्यहरू हासिल हुन सक्दछ। बालमैत्री सिकाइ वातावरण निर्माणको लागि आवश्यक वित्तिय व्यवस्थापन, विपद् उत्थानशील भौतिक संरचना निर्माण, सिकाइ अनुकुल वातावरण निर्माणसँगै मानव पूँजिको निर्माण गर्न यो योजना उपयोगी हुनेछ भन्ने कुरामा गाउँपालिका पूर्ण विश्वस्त भई निर्माण गरेको योजनाको समिक्षा गरियो। वार्षिक अद्यावधिक गर्ने क्रममा निर्धारित दिर्घकालीन सोच, ध्येय,प्राप्तिका लागि तय गरेका समस्या,चुनौति,उद्देश्य, रणनीति, नतिजा, उपलब्धि, कार्यक्रम, बजेटको तथ्याङ्क विशलेषण गरी आवश्यक रहेकालाई निरन्तरता दिदै समयानुकुल र सान्दर्भिकताको आधारमा नविन कार्यक्रम तथा बजेट थप गरी मिति २०८३/०२/०७ गतेको कर्यपालिकाको बैठकबाट स्वीकृत गरिएको हो।

यस प्रक्रियामा सक्रिय सहभागी भई योगदान पुर्‍याउनु हुने योजना निर्माण समिति तथा उपसमितिका सदस्यहरू, जनप्रतिनिधिहरु, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिज्ञका साथै प्रबुद्ध व्यक्तित्वहरूप्रति हार्दिक आभारसहित विशेष धन्यवाद ज्ञापन गर्दछु। साथै गाउँ शिक्षा योजनाको निरन्तर सुधारका लागि सबैसँग रचनात्मक राय, सल्लाह र सुझावको अपेक्षा राख्दछु ।

मिन बहादुर थापा
नि.प्रमुख प्रशासकीय अधिकृत

## हार्दिक आभार

नेपाल संघियतामा प्रवेश गरेसँगै संघियता कार्यान्वयन हुने क्रममा छ । नेपालको संविधान २०७२ ले आधारभूत तथा माध्यमिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहको अधिकार क्षेत्र भित्र समेटेको छ । यसै क्रममा यस बसबरिया गाउँपालिकाको गाउँ शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन भइरहेको यस योजनाको अद्यावधिक गरी स्वीकृत गरेको छ। उद्देश्य,नीति,कार्यक्रम,बजेट लगायत तथ्याङ्कको विश्लेषण गरी आवश्यकता अनुसारको विवरण प्रविष्ट गरी अद्यावधिक गरिएको छ यसै क्रममा विभिन्न माध्यमबाट सहयोग पुऱ्याउनु हुने गाउँपालिका अध्यक्ष श्री राम सिंहासन राय, गाउँपालिका उपाध्यक्ष श्री सरिता कुमारी , नि.प्रमुख प्रशासकिय अधिकृत मिन बहादुर थापा , सामाजिक विकास समितिका संयोजक श्री शिवेन्द्र मोहन यादव, कार्यपालिका तथा गाउँ सभा सदस्यहरुका साथै यस बसबरिया गाउँपालिकाका बुद्दिजिवी, भद्र भलाद्मी, प्रधानाध्यापक र शिक्षक, गाउँपालिका शिक्षा क्षेत्र योजना निर्माण समितिकाका सदस्यहरु, शिक्षा क्षेत्र योजना लेखन समितिका सदस्यहरु, विशेष प्राविधिक एवम् लेखन कार्यमा सहयोग गर्ने युनिसेफका प्रतिनिधि तथा सर्लाही जिल्लाका पिपल प्रमोट सेन्टरका शिक्षा अधिकृत श्री मोहन ठाकुर र यस पालिकाका सूचना प्रविधि अधिकृत श्री सुजित कुमार कर्ण लगायत यस योजना निर्माण कार्यको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सल्लाह सुझाव प्रदान गरि सहयोग पुऱ्याउनु हुने सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दछु ।

रामाश्रय ठाकुर
शिक्षा अधिकृत (छैठौं)

# विषयसूची

परिच्छेद -१
**१.१ पृष्ठभूमि** ११
१.२ पालिकाको समग्र सन्दर्भ
१.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ १२
१.२.२ आर्थिक,सामाजिक सन्दर्भ १४
१.२.३ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास १५
१.२.४ भौगोलिक तथा जनसांख्यिक स्वरूप १५
१.२.५ पूर्वधार र विकास १६
१.३ गाउँपालिकाको शैक्षिक सन्दर्भ २१
१.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा
१.३.२ नीतिगत प्रबन्ध
१.३.३ शिक्षाको संरचनाः
१.३.४ विद्यालय सङ्ख्या
१.३.५ विद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती
१.३.६ शिक्षक सङ्ख्या र प्रवृत्ति
१.३.७ उपलब्धि तथा अन्तर (Gaps)
१.४ शिक्षा क्षेत्रको योजना २७
१.५ दिगो विकास लक्ष्यहरु २८
१.६ गाउँपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू २९
१.७ पालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू ३१
१.८ गाउँपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया ३१
१.८.१ योजना निर्माणमा विभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू
१.८.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था
१.८.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)
**परिच्छेद -२ दूरदृष्टि, ध्येय, उद्देश्य र रणनीति**
२.१ परिचयः ३४
२.२ दीर्घकालीन सोच (Vision) ३४
२.३ ध्येय (Mission) ३४
२.४ उद्देश्यहरू (Objectives) ३४
२.५ रणनीतिहरू ( Strategies) ३५
२.६ अपेक्षित मुख्य उपलब्धि ३६
२.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) ३७
**परिच्छेद- ३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू**
**३.१ प्रारम्भिक बालविकास र शिक्षा** ४१

३.१.१ परिचय
३.१.२ वर्तमान अवस्था
३.१.३ समस्या, चुनौती र अवसर
३.१.४ उद्देश्य,रणनीति
३.१.५. उपलब्धि र नतिजा
३.१.६. प्रमुख क्रियाकलाप र लक्ष्य
३.१.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**३.२ आधारभूत शिक्षा** **४८**
३.२.१ परिचय
३.२.२ वर्तमान अवस्था
३.२.३ समस्या ,चुनौती र अवसर
३.२.४. उद्देश्य र रणनीति
३.२.५ उपलब्धि र नतिजा
३.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य
३.२.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**३.३ माध्यमिक शिक्षा** **५६**
३.३.१ परिचय
३.३.२ वर्तमान अवस्था
३.३.३ समस्या,चुनौती र अवसर
३.३.४ उद्देश्य र रणनीति
३.३.५ उपलब्धि र नतिजा
३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य
३.३.७. प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ** **६३**
३.४.१ वर्तमान अवस्था
३.४.२ मुद्दा, समस्या, चुनौती र अवसर
३.४.३ उद्देश्य र रणनीति
३.४.४ उपलब्धि र नतिजा
३.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य
३.४.६ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**परिच्छेद -४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू**
**४.१ पाठ्यक्रम र मूल्याङ्कन** **६८**
४.१.१ परिचय
४.१.२ वर्तमान अवस्था
४.१.३ मुद्दा, समस्या,चुनौती र अवसर
४.१.४ उद्देश्य र रणनीति
४.१.५ उपलब्धि र नतिजा
४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य
४.१.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट

**४.२ शिक्षक व्यवस्थापन र विकास** ६३
४.२.१ परिचय
४.२.२ वर्तमान अवस्था
४.२.३ समस्या,चुनौति र अवसर
४.२.४ उद्देश्य र रणनीति
४.२.५ उपलब्धि तथा नतिजा
४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य
४.२.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**४.३ शैक्षिक समता र समावेशीकरण** ७८
४.३.१ परिचय
४.३.२ वर्तमान अवस्था
४.३.३ मुद्दा, समस्या,चुनौती र अवसर
४.३.४ उद्देश्य र रणनीति
४.३.५ उपलब्धि र नतिजा
४.३.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**४.४ दिवा खाजा सहित पोषण तथा स्वास्थ्य कार्यक्रम** ८४
४.४.१ परिचय
४.४.२ वर्तमान अवस्था
४.४.३ मुद्दा, समस्या, चुनौती र अवसर
४.४.४ उद्देश्य र रणनीति
४.४.५ उपलब्धि र नतिजा
४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्यः
४.४.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा** ८७
४.५.१ परिचयः
४.५.२ वर्तमान अवस्था
४.५.३ मुद्दा, समस्या,चुनौती र अवसर
४.५.४ उद्देश्य र रणनीति
४.५.५ उपलब्धि र नतिजा
४.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य
४.५.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास** ९२
४.६.१ परिचय
४.६.२ वर्तमान अवस्थाः
४.६.३ मुद्दा, समस्या, चुनौती र अवसर
४.६.४ उद्देश्य र रणनीति
४.६.५ उपलब्धि र नतिजा
४.६.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि** ९५
४.७.१ परिचय

४.७.२ वर्तमान अवस्था
४.७.३ मुद्दा, समस्या,चुनौती र अवसर
४.७.४ उद्देश्य र रणनीति
४.७.५ उपलब्धि र नतिजा
४.७.६ प्रमुख क्रियाकलाप र लक्ष्य
४.७.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**परिच्छेद- ५ सुशासन तथा व्यवस्थापन**
**५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास** **९९**
*५.१.१ परिचयः*
५.१.२ वर्तमान अवस्था
५.१.३ मुद्दा, समस्या, चुनौती र अवसर
५.१.४ उद्देश्य र रणनीति
५.१.५ उपलब्धि र नतिजा
५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य
५.१.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** **१०२**
५.२.१ परिचय
५.२.२ वर्तमान अवस्था
५.२.३ मुद्दा, समस्या, चुनौती र अवसर
५.२.४ उद्देश्य र रणनीति
५.२.५ उपलब्धि र नतिजा
५.२.६ मुख्य क्रियाकलाप र लक्ष्य
५.२.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**५.३ अनुगमन तथा मूल्याङ्कन** **१०५**
५.३.१ परिचय
५.३.२ वर्तमान अवस्था
५.३.३ मुद्दा, समस्या, चुनौति र अवसर
५.३.४ उद्देश्य र रणनीति५.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य
५.३.७ प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट
**५.४ समन्वय र सहजीकरण** १०८
**परिच्छेद -६ लगानी र स्रोत व्यवस्थापनः**
६.१ परिचय १०९
६.२ वर्तमान अवस्था
६.३ मुद्दा, समस्या, चुनौति र अवसर
६.४ उद्देश्य र रणनीति
६.५ प्रमुख उपलब्धि
६.६ स्रोतको अनुमान र विश्लेषण
६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

# परिच्छेद -१

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान अनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षा लगायत हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का१७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यसअन्तर्गतको चौथो लक्ष्यले “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोह्रौं योजना २०८१/८२–२०८५/८६ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ। उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०८०/८१ देखि १० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन्२०२२/२३–२०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार बसबरिया गाउँपलिका ले संवैधानिक दायित्व, प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्न आफ्नो पालिका तहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी ज्ञान. विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई सान्दर्भिकरण सहित आत्मसात गर्न र सृजनशील, सक्रिय तथा पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकास गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र वेला बखत आइपरेका विभिन्न प्राकृतिक बिपद् र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप,महामारी तथा आपत विपद्बाट उत्पन्न हुने जोखिमहरू साथै

जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिका तहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Local Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोण सहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ। योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसांख्यिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ पालिकाको समग्र सन्दर्भ

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचना सहित कार्यरत रहेका छन् । यो बसबरिया गाउँपालिका सर्लाही जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित छ । यस गाउँपालिका नेपाल सरकारको वि.सं. २०७४ जेष्ठ २ गते (२०७३/११/२३ को राजपत्रमा प्रकाशित संख्यामा थप हेरफेर गरि कायम गरेको नयाँ गाउँपालिका ) निर्णय अनुसार साबिक ४ वटा गाउँ बिकास समितिलाई समेटेर स्थापना गरिएको छ | यस गाउँपालिकाको केन्द्र साबिक भवानीपुर गा.बि.स.को केन्द्र भावानिपुरलाई कायम गरिएको छ | यस गाउँपालिका अन्तर्गत समेटिएका ४ वटा गा.वि.स.हरु मानपुर, भवानीपुर, धनगढ़ा र सहोडवा हुन् । साविक मानपुर र धनगढ़ा गा.बि.स.लाई २/२ वटा वडा र भवानीपुर र सहोडवामा १/१ वटा वडा कायम गरी यस गाउँपालिकामा जम्मा ६वटा वडाहरु कायम गरिएको छ ।

यो गाउँपालिकाको भू-भागको उचाइ समुद्री सतहदेखि ७० मिटरमा रहेको छ । यसको क्षेत्रफल २९.४२ वर्ग कि.मि. रहेको छ भने २०७८ सालको जनगणना अनुसार जनसंख्या २५९०५ रहेको छ ।

यस अवधिमा नेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ । सन् २०२४ को आँकडाअनुसार (UNDP , 2024) मानव विकास सूचकाङ्क (०.६२२) का दृष्टिले नेपाल कुल १९३ मध्ये १४५ औं स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी, प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसांख्यिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यस गाउँपालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो। विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२४ भाषा पहिचान गरिएको छ । यस्तो सामाजिक, सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषा प्रति र समग्रतामा यस्तो विविधता प्रति सबै समुदायले गौरव गर्ने गर्दछन्। अर्को तिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परा देखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधा विहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन्। खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भए तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् ।यस्ता विभेदहरू हटाउन तत् सम्बन्धी विभिन्न कानुनहरू बनाइएका र लक्षित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षण तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन्।यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यान दिनु जरुरी छ ।यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ ।यसै सन्दर्भमा यस गाउँपालिकामा बहुजाती वसोवास भएको गाउँपालिका हो । त्यसैले विविध किसिमका संस्कृति परम्परा पाउनु स्वभाविकै हो । यस गाउँपालिकामा सबैभन्दा बढी यादव जातिको वसोवास पाइन्छ । त्यसैगरी अन्य जातिहरुमा तेली, कल्वार, कोइरी,तत्मा, लोहार , हजाम, मुस्लिम, धोबी, दुसाध,मुसहर, पटेल, मलाह,धानुक,ब्राहमण, कायस्थ, कुम्हाल इत्यादी जातिहरुको वसोवास पाइन्छ । यहाँका अधिकांश मानिसहरू कृषि पेशामा संलग्न रहेको पाइन्छ । कृषिका अतिरिक्त केही मानिसहरू सरकारी तथा गैरसरकारी सेवामा संलग्न रहेका छन् भने केही व्यापर व्यावसायमा संलग्न भएका छन् । त्यसै गरी ज्यालामज्दुरी गरेर गुजारा गर्ने परिवार पनि छ ।यो गाउँपालिकाका धेरै युवाशक्ति भने वैदेशिक रोजगारीमा जाने गरेको पाइन्छ ।

जातियतामा विविधतासँगै धर्ममा पनि विविधता रहेको पाइन्छ । यस क्षेत्रका धेरै मानिसहरूले हिन्दू धर्म मान्ने गरेको तथ्याङ्क छ ।त्यस पछि मुस्लिम धर्मावलम्वीको संख्या आउँछ ।सबै जातिको आ-आफ्नो संस्कृति भए पनि यस क्षेत्रमा झिझिया र समचाकेवा नाचको बिशेष महत्व  रहेको पाइन्छ ।धर्म विविध भए पनि छठ, होली ,दशैं, तिहार जस्ता पर्वहरू भने यस क्षेत्रका वासिन्दाहरूले मान्ने /मनाउने गर्दछन्

### १.२.२आर्थिक,सामाजिक सन्दर्भ

**आर्थिक गतिविधिहरुः**

नेपाल न्यून आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । विगत केही दशकदेखि नेपालले औसत आर्थिक वृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । आर्थिक वर्ष २०८२/८३ को आर्थिक वृद्धिदर ३.८५ प्रतिशत रहेको छ भने गत आर्थिक वर्षको आर्थिक वृद्धिदर ४.४३ रहेको थियो। कुल गाहस्थ्य उत्पादनमा कृषि र गैह्रकृषि क्षेत्रको योगदान क्रमशः२४ र ७६ प्रतिशत रहेको छ।पछिल्लो समयमा कृषि क्षेत्रको योगदान घट्दै र सेवा क्षेत्रको योगदान बढ्दै गएको छ।

नेपालको आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार कुल ग्राहस्थ्य उत्पादनमा १५१३ प्रतिव्यक्ति कुल राष्ट्रिय आय १५३५ अमेरिकी डलर तथा प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय २०४४ पुग्ने अनुमान छ।प्रदेशगत रुपमा तुलना गर्दा चालु आर्थिक वर्षमा बागमती प्रदेशको प्रतिव्यक्ति आय सबैभन्दा बढी २६४४ र मधेश प्रदेशको सबैभन्दा कम ९३४ अमेरिकी डरल रहने अनुमान छ।

मुलुकको अर्थतन्त्र उपभोग केन्द्रित रहेको छ। पछिल्लो दशक कुल ग्राहस्थ्य उत्पादनमा कुल उपभोगको अंश ९०.८ प्रतिशत रहेको छ।चालु आर्थिक वर्ष यस्तो अंश ९०.३ प्रतिशत रहने अनुमान छ।गत आर्थिक बर्ष ७.४ प्रतिशतले बढेको कुल उपभोग चालु आर्थिक वर्ष ३.२ प्रतिशतले बढ्ने अनुमान छ। गाउँपालिकाको आर्थिक गतिविधिसँग सम्बन्धित क्रियाकलाप यस प्रकार उल्लेख गरिएको छ।

### क) कृषि योग्य भुमि र सिँचाइः

**तालिकाःसिंचाई सुबिधा**

| उपलब्ध सबिधा | हेक्टर |
|---|---|
| कल खेतीयोग्य जमिन | २६४३.६ |
| कल सिँचाइ क्षेत्र | १५००.४ |
| सिँचाइ नभएको क्षेत्र वर्षामा निर्भर हने क्षेत्र | ११४३.२ |

स्रोतः बसबरिया गाउपलिकाको वेबसाइट

**तालिकाःसिंचाईका प्रमुख स्रोत तथा योजनाहरु**

| प्रमुख स्रोत/योजना | स्थान | सिंचितक्षेत्र (हेक्टरमा) |
|---|---|---|
| मनुस्मरा नदि | मानपुर वार्ड १ र २ | |
| बागमती सिचाई आयोजना | वडा नं. ४,५,६ | |

**ख) प्रमुखखेती र उपयोग** : यस गाउपलिकाकको प्रमुख खेति मध्ये सबभन्दा धेरै धान, दोश्रोमा उखु लगायत गहुँ, तोरी, मकै आदि स्थानीय तथा रैथाने बालि गर्ने गरिन्छ र यसको उपयोग जिबकोपार्जन तथा आर्थिक सम्वृद्धिको लागी गरिन्छ |

**ग) पशुपालनः** मुख्य गरि भैसी, गाई, बाखा,गोरु, कुखुरापालन,माछापालन जस्ता घरेलु तथा व्यवसायिक पशुपालन गर्ने गरेको छ |

**घ) प्राकृतिक स्रोत तथा सम्पदा :**

यो गाउँपालिका तराई प्रदेशमा अवस्थि छ । यहाँको जमिन समथर हुनुका साथै हावापानी पनि विषम प्रकृतिको छ । मुलतः उष्ण प्रकृतिको हावापानी पाइन्छ । यहाँ गर्मी मौसममा अत्यधिक गर्मि तथा चिसो मौसममा अत्यधिक चिसो प्रकृतिको हावापानी महसुस गर्न सकिन्छ ।

**ङ) पर्यटनः**

पयर्टनको प्रचुर सम्भावाना बोकेको यस बसबरिया गाउपलिकामा मनुस्मारा नदि, बागमती नदि, मानपुर ब्यारेज र धार्मिक पुरातात्विक सम्पदाको मुख्य केन्द्र राजारानी मन्दिर, ताले बाबाको मन्दिर , रामजानकी मठ आदि बिभिन्न संस्कृति तथा ऐतिहासिक महत्ब बोकेको अन्य स्थल हरु पनि रहेका छन् ।

## १.२.३ राजनीतिक तथा प्रशासनिक बिभाजन र समानुपातिक विकास

| वडा | जम्मा जनसंख्या | जम्मा घरधुरी | उपलब्ध प्रमुख सेवाहारू | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | सामाजिक सरक्षा | बालपोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | |
| १ | ५५५५ | ९६३ | सामाजिक | बालपोषण | एम्बुलेन्स | प्राथमिक | |
| २ | ४७८८ | ८३२ | सामाजिक | बालपोषण | एम्बुलेन्स | प्राथमिक | |
| ३ | ३८८५ | ७३८ | सामाजिक सुरक्षा | बालपोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | |
| ४ | ३९२५ | ७१५ | सामाजिक सुरक्षा | बालपोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| ५ | ३६७० | ६१० | सामाजिक सुरक्षा | बालपोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | शुद्ध खानेपानी |
| ६ | ४०८२ | ७२८ | सामाजिक सुरक्षा | बालपोषण | एम्बुलेन्स सेवा | प्राथमिक स्वास्थ्य सेवा | |

**श्रोत : राष्ट्रिय जनगणना २०७८**

## १.२.४ भौगोलिक तथा जनसांख्यिक स्वरूप (Geographical Background haracteristics/ )

### १.२.४.१ भौगोलिक पृष्ठभूमि (Geographical Background)

मधेश प्रदेश सर्लाही जिल्लाको पश्चिम दक्षिण भूभागमा अवस्थित २९.४२ वर्ग कि.मि. क्षेत्रफल रहेको बसबरिया गाउपलिकाको उत्तरमा बरहथवा नगरपालिका पुर्बमा चक्रघट्टा गाउपलिका दक्षिणमा गोडैता नगरपालिका र धनकौल गाउपलिका पर्छ भने पश्चिम सिमानमा बागमती नदि रहेको छ । यस गाउपलिका सामुन्द्रिक सतहबाट ७० मिटर उचाइमा समथर भूभागमा फैलिएको छ ।

### १.२.४.२ भौगोलिक अवस्था

सामुन्द्रिक सतहबाट ७० मिटर उचाइमा अबस्थित यस गाउँपलिकामा समथर भु-भाग हुनुको साथै बलौटे, मिश्रित फुस्रो तथा केहि ठाउँमा पागो माटोले भरिपूर्ण भौगोलिक अवस्थिति रहेको छ ।

### १.२.४.३ नदीनाला

यस क्षेत्रमा मुख्य रुपमा बाग्मती, मनुषमारा र लखनदेही खोला रहेका छन् ।

### १.२.४.४ हावापानी

यस क्षेत्र तराइको मध्ये क्षेत्रमा पर्ने भएकोले यहाँ उष्ण प्रकारको हावापानी पाउनुको साथै हिउँदको समयमा विषम प्रकारको हावापानी पाईन्छ ।

### १.२.४.५ प्राकृतिक बिपत र तिनको सम्भावना

यस क्षेत्रमा तिन (३) वटा नदीनालाहरु पर्ने भएकाले बर्षाको समयमा पानिको बहाब बढ्दा बाढी आउने अत्याधिक सम्भाबना हुनुका साथै यहाँ उष्ण हावापानी पाइने भएकोले गर्मियाममा डढेलो लाग्ने सम्भाबना देखिन्छ ।

### १.२.४.६ प्राकृतिक स्रोत एवं विशेषता

नदिनाला , पोखरी साथै निजि बन नै यस क्षेत्रको मुख्य प्राकृतिक स्रोत हुन जसले उक्त क्षेत्रको कृषि उत्पादन बृद्धिमा सहयोग गर्नुको साथै माछापालन ब्यबसायमा समेत टेवा पुर्याएको पाईन्छ ।

### १.२.५ पूर्वधार र विकास

**क) स्वास्थ्य सेवाः** यस क्षेत्रका बासिन्दाहरुले उचित प्रकारको प्राथमिक स्वास्थ्य सेवा, आयुर्बेदिक स्वास्थ्य सेवा, प्रसुती सेवा लगायत समयमा उचित स्वास्थ्य सेवा पाउनुको निमित निःशुल्क एम्बुलेन्स सेवा समेत प्राप्त गरेका छन् ।

**ख) खानेपानीः**

यस गाउपलिकामा अधिकांश ठाउमा भूमिगत जल सतहबाट चप्पा कलको माध्यमले शुद्ध खानेपानी प्राप्त गरेका छन् भन्ने केहि स्थानमा शुद्ध खानेपानी ट्यांकी निर्माण गरी खानेपानी बितरण गरिएको छ ।

**ग) विद्युत** :यस गाउपलिकाको सम्पूर्ण घरधुरीमा विद्युतिय पहुँच पुग्नुको साथै यस क्षेत्रका बासिन्दाहरुले विद्युतलाइ केवल घरायसी प्रयोजनमा मात्र प्रयोग नगरी कृषि सिचाई, बिद्युतिय गाडी आदिको क्षेत्रमा समेत प्रयोग गरिन्छ ।

**घ)यातायत/हवाई मार्ग :**

बसबरिया गाउँपालिका सर्लाही जिल्लाकै पश्चिममा अवस्थित छ । यस गाउँपालिकाको सबै वडामा सडक सञ्जालको पहुँच पुगेको छ । पूर्व पश्चिम राजमार्ग अन्तरगत नयाँरोडबाट दक्षिण करिव २५ कि.मि.को दुरीमा अवस्थित छ । सबै वडाहरु पक्की मोटरबाटोको पहुँचमा छन् । यहाँबाट काठमाडौं

,बिरगंज, जनकपुर इत्यादी ठाउँहरुमा नियमित रुपमा यात्रुबाहक बसहरु संचालन संचालन हुने गर्दछ ।

**ङ) सूचना/संचार/हुलाक/पत्रपत्रिका, इन्टरनेटसेवा**

यस गाउँपलिकामा नेपाल दुरसंचार संस्था, ऐनसेल नेटवर्कतथा बिभन्न सेवा प्रदयाक संस्थाको इन्टरनेट सेवाको पहुँच पुगेको छ ।

**च) बैङ्किग सेवाः**

एक पालिका एक बैंक नीतिको आगमनले नेपाल राष्ट्रबैंक को इजाजत प्राप्त नेपाल बैंक लिमिटेड लगायत अन्य सहकारी संस्थाहरुले बैंकिंग सेवा प्रदान गर्दै आएको छ ।

**तालिका प्रमुख जातजातीहरू**

| जातजाती | जनसंख्या | प्रतिशत (जम्मा जनसंख्यामा) |
|---|---|---|
| थारु | १७ | ०.०६ |
| बिश्वकर्मा | १५ | ०.०५ |
| मुसलमान | ३३० | १.२७ |
| यादव | ११०५४ | ४२.६७ |
| तेली | १६०१ | ६.१८ |
| चमार् | ९०५ | ३.४९ |
| कोइरी | ४६४ | १.७९ |
| धानुक | १५३ | ०.५९ |
| कुर्मी | ४१३ | १.५९ |
| दुसाद | १८१३ | ६.९९ |
| मल्लाह | १०७९ | ४.१६ |
| केवट | २८५ | १.१० |
| कथबानिया | ३५ | ०.१३५ |
| ब्राह्मण — तराई | २२७ | ०.८७ |
| कलवार | १२२२ | ४.७१ |

| | | |
|---|---|---|
| कानु | २७७ | १.०६ |
| कुम्हार | ६५४ | २.५२ |
| हजाम / ठाकुर | ५६८ | २.१९ |
| धोबी | २१८ | ०.८४ |
| तत्मा | ५२९ | २.०४ |
| लोहार | ८१६ | ३.१४ |
| हलुवाई | ३३६ | १.२९ |
| माझि | २६९ | १.०३ |
| बरै | १३ | ०.०५ |
| बिन | १५९८ | ६.१६ |
| नुनिया | ३०८ | १.१८ |
| सोनार | २७१ | १.०४ |
| कुमाल | १७ | ०.०६५ |
| कायस्थ | ३६ | ०.१३ |
| राजपूत | १२ | ०.०४६ |
| भेडियार | १५२ | ०.५८ |
| माली | ९३ | ०.३५ |
| डोम | ५२ | ०.२ |
| भूमिहार | २० | ०.०७७ |
| बिदेशी | १२ | ०.०४६ |
| अन्य | ४१ | ०.१५ |

**स्रोत CBS,2078**

तालिका :भाषागत जनसंख्या

| भाषा | जनसंख्या | प्रतिशत(जम्मा जनसंख्यामा) |
|---|---|---|
| बज्जिका | २३५३८ | ९०.९ |
| मैथली<br>नेपाली<br>अन्य | २२८३<br>६०<br>२४ | ८.८<br>०.२<br>०.१ |

स्रोत CBS 2078

## तालिकाः प्रमुख धर्मावली अनुसारको जनसंख्या

| धर्म | जनसंख्या | प्रतिशत(जम्मा जनसंख्यामा) |
|---|---|---|
| हिन्दु | २५४६७ | ९८.३ |
| इस्लाम | ४३८ | १.७ |

## छ)जनसांख्यिक स्वरूप

जनसांख्यिक स्वरूप र प्रबृत्ति (जन्म दर, बसाई सराई, सुकुम्बासी, सरणार्थी, घुमन्ते/फिरन्ते)

लैंगिक, अपाङ्गता र बिशेष जातजाती

तालिका २०७८ को कुल जनसंख्या

| उमेर समूह | जनसङ्ख्या |
|---|---|
| | २०७८ |
| ०-४वर्ष | २६८६ |
| ५-९वर्ष | ३०९८ |
| १०-१४वर्ष | ३१५२ |
| १५-१९वर्ष | २७१२ |
| २०-२४वर्ष | २४७३ |
| २५-२९वर्ष | १९९० |
| ३०-३४वर्ष | १६२९ |
| ३५-३९वर्ष | १७१३ |
| ४०-४४वर्ष | १३२५ |
| ४५-४९वर्ष | ११३२ |
| ५०-५४वर्ष | ९०० |
| ५५-५९वर्ष | ७१७ |

| | |
|---|---|
| ६०-६४वर्ष | ७०९ |
| ६५-६९वर्ष | ६५७ |
| ७०-७४वर्ष | ५७३ |
| ७५-७९वर्ष | ३०९ |
| ८०-८४वर्ष | ७१ |
| ८५-९०वर्ष | २३ |
| ९०+ वर्ष | २७ |
| जम्मा | |

*स्रोतः CBS2078*

**तालिकाः २०७८ मा कुल जनसंख्या**

| वार्ड | जम्मा जनसङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरूष | जम्मा |
| १ | २६५७ | २८९३ | ५५५० |
| २ | २३९५ | २३९३ | ४७८८ |
| ३ | १९६४ | १९२१ | ३८८५ |
| ४ | १८८९ | २०३६ | ३९२५ |
| ५ | १७९० | १८८० | ३६७० |
| ६ | १९७३ | २१०९ | ४०८२ |
| जम्मा | १२६६७ | १३२३२ | २५९०० |

**तालिकाः२०७८ र २०८६ सम्मको प्रक्षेपित विद्यालय र अन्य उमेर समुहको जनसंख्या (जम्मा)**

| उमेर समूह | २०७८ को जनगणना | २०८० | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ६१२ | ६१६ | ५९१ | ६२२ | ६१९ | ६१५ | ६१० | ६०६ |
| ४ | ५९१ | ६२९ | ६१३ | ५८६ | ६२० | ६१६ | ६१२ | ६०८ |
| ५ | ६६१ | ६३० | ६२५ | ६११ | ५८३ | ६१४ | ६१० | ६०८ |
| ५-९ | ३०९८ | ३१८७ | ३१५५ | ३१११ | ३०५५ | ३०२९ | ३००७ | २९९४ |
| १०-१२ | २११४ | १९०७ | १९०४ | १८९४ | १८८२ | १८६४ | १८३९ | १८२३ |
| ५-१२ | ५२१२ | ५०९४ | ५०५९ | ५००५ | ४९३७ | ४८९३ | ४८४६ | ४८१७ |
| १३-१४ | १०३८ | ११९६ | १२१८ | १२३२ | १२३२ | १२२८ | १२२४ | १२१० |
| १५-१६ | १२६३ | ११२१ | ११३० | ११५० | ११७३ | ११८३ | ११८७ | ११८२ |
| १३-१६ | २३०१ | २३१७ | २३४८ | २३८२ | २४०५ | २४११ | २४११ | २३९२ |
| ५+ | २२५५८ | २२७९८ | २२९०४ | २३००८ | २३११६ | २३१६९ | २३२६७ | २३३५९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५-२४ | ५१८५ | ५१८० | ५१३९ | ५२०९ | ५७०३ | ५०७१ | ५०७१ | ५०७२ |
| १५+ जम्मा | १६४२४ | १६५२२ | १६६७८ | १६१८३ | १६९३३ | १७०६२ | १७२१९ | १७३५४ |

## ज) जनसङ्ख्या प्रवृत्ति (बसाँईसराई र यसको प्रभाव)

भौगोलिक स्वरूप र हावापानीमा भिन्न रहेका क्षेत्र मध्ये चिसो आममा ज्यादै चिसो हुने र कतिपय स्थानमा यो अवधिमा जनजीवन ठप्प हुने गर्दछ । तराईको समथर भूभागमा भने गर्मि समयमा ४४° सेल्सियससम्म तापक्रम पुगी अत्यधिक गर्मि हुने गर्दछ । जनसाङ्खिक बनोटको कुरा गर्दा सन् २०२१ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २९१६४५७८ र जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत प्रतिवर्ष रहेको छ भन्ने यस गाउँपालिको जनसङ्ख्या २५९०५ रहेको छ । यसमा महिला ४८.९ प्रतिशत रही पुरुषको ५१.१ प्रतिशत रहेको छ । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।उल्लिखित तालिकाअनुसार ० देखि ४ वर्षको उमेरमा पुरुष ५.५ प्रतिशत र महिला ४.८ प्रतीशत जनसङ्ख्या रहेको छ भने १०-१४ बर्षको जनसङ्ख्या पुरुष ६.३प्रतिशत र महिला ५.९ प्रतिशत रहेको छ।

हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट र जनसांख्यिक स्वरूपले शिक्षालगायत विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा लिने गरिन्छ ।

## १.३ गाउँपालिकाको शैक्षिक सन्दर्भ

### १.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक (सहिष्णुता), विविध भौगोलिक अवस्थाले युक्त एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लेखित पक्षले प्रत्यक्ष एव परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवं सामाजिक घटनाले परिवर्तन एवं परिमार्जन गरेको पाईन्छ ।२०६२/६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवं निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवं गुणस्तरयुक्त व्यावहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवं व्यावसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वर्धन एवं परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुनसक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसँग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान-प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा राज्यको छवि कायम राखी विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ ।

### १.३.२ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र  निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेकोछ ।गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पुरा गर्न योगदान पुऱ्याउँदछ ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलकपहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।यसै गरी नेपाल सरकारको २५ वर्षे  दीर्घकालीन  सोच समृद्ध नेपाल, सुखी नेपालीसहितको समुन्नत राष्ट्र निर्माणका आधारमा आवधिक योजनाका लक्षहरू तय गरिएको छ । उल्लिखित नीति कार्यान्वयन गरी लक्ष्य प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ ।

### १.३.३ शिक्षाकोसंरचनाः

**Educational Structure in Nepal**



नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन्  भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ, तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्।  यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भ अन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्ष्यहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

## १.३.४ विद्यालय सङ्ख्या

| बिद्यालयको प्रकार | सन्चालित कक्षा अनुसारको सङ्ख्या | | | | | | | | | | | | | तहगत सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | EC-ED | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १-५ | ६-८ | १-८ | ९-१० | ११-१२ | ९-१२ |
| सबै प्रकारका बिद्यालयमा कक्षागत र तहगत सङ्ख्या | १७ | | | ३ | ३ | ७ | १ | २ | ५ | ५ | ५ | २ | २ | १३ | ३ | १६ | २ | २ | २० |
| सामुदायिक विद्यालयमा कक्षागत र तहगत सङ्ख्या | १३ | | | २ | | ७ | १ | २ | ५ | ४ | ४ | २ | २ | ९ | ३ | १२ | २ | २ | १६ |
| समुदायिक शुन्य दरबन्दी भएका विद्यालय | | | | १ | | १ | | | २ | | | | | २ | २ | | | | |
| अनौपचारिक बैकल्पिक र प्रौढ विद्यालय | | | | | | | | | | | | | | | | | | | |

### १.३.४.१ उच्च शिक्षा र विकास ( प्राबिधिक र व्यवसायिक शिक्षा समेत )

यस गाउँपालिकामा हाल माध्यमिक तहसम्म मात्र विद्यालयहरू सञ्चालनमा रहेका छन् र उच्च शिक्षा तथा प्राविधिक र व्यवसायिक शिक्षा समेत निकट भविष्यमा सञ्चालन गर्ने लक्ष्य रहेका छन् ।

### १.३.४.२ विभिन्न तालिम, पुस्तकालय, अनौपचारिक शिक्षा र अन्य संस्था र तिनको उपलब्धि प्रभाव

यस बसबरिया गाउँपलिकामा संस्था तथा विकास साझेदार निकायहरुले विभिन्न समयमा शिक्षक तथा सम्बन्धित सरोकारबालाहरुका लागि शिक्षक पेशागत विकास तालिम, क्षमता विकास तालिम, पूर्नताजगी कार्यशाला जस्ता तालिम तथा कार्यक्रमहरु सञ्चालनले गर्दा शिक्षक तथा वि.व्य.स.को क्षमता अभिवृद्धि हुनको साथै बालवालिकाहरुको सिकाई उपलब्धीमा सकरात्मक परिर्वतन देखिएका छन ।

## १.३.५ विद्यार्थी सङ्ख्या र भर्ना प्रवृत्ती

### क) गाउँपालिकाको सेवा क्षेत्र र भर्ना प्रवृत्ती

यस बसवरिया गाउँपालिकाको सवै वडामा विद्यालय सञ्चालनमा रहेका र उक्त विद्यालयहरुमा ती सवै वडाहरुबाट विद्यार्थीहरु औपचारिक शिक्षा आर्जन गर्दछन् । यस गाउँपालिकाको प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर ७५.८%, कक्षा १ मा खुद प्रवेश दर ७५.६% र कुल प्रवेश दर ११८.२% रहेको र आधारभूत तम कक्षा १-५ को खुद भर्ना दर १०३.२% र कुल भर्ना दर १२६.६% रहेका छन् । यसै गरी आधारभूत तह कक्षा १-८ मा खुद भर्ना दर ८५.९ र कुल भर्ना दर १०२.१  तथा माध्यमिक तह कक्षा (९-१२) को खुद भर्ना दर १९.४ र कुल भर्ना दर ३५ रहेको छ ।

### ख) कक्षा गत र  तह गत जम्मा  विद्यार्थी

| तहगत/कक्षागत | विद्यार्थी संख्या | | | दलित | | | जनजाति | | | अपाङ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रf | छात्र | जम्मा | छात्रf | छात्र | जम्मा | छात्रf | छात्र | जम्मा | छात्रf | छात्र | जम्मा |
| ECED | ४४१ | ४७१ | ९१२ | ३७ | ३९ | ७६ | ५ | १७ | २२ | ५ | ४ | ९ |
| १ | ४५० | ४८४ | ९३४ | ५८ | ४८ | १०६ | ० | ० | ० | ५ | ५ | १० |
| २ | ४१० | ३७१ | ७८१ | ५६ | ५५ | १११ | ५ | ३ | ८ | ३ | ४ | ७ |
| ३ | ३९९ | ३३९ | ७३८ | ४६ | ५१ | ९७ | ५ | २ | ७ | १ | १ | २ |
| ४ | ४०६ | ३३५ | ७४१ | ५३ | ३५ | ८८ | ७ | ६ | १३ | २ | १ | ३ |
| ५ | ४०९ | ३२३ | ७३२ | ५७ | ४८ | १०५ | ४ | ४ | ८ | १ | २ | ३ |
| १-५ | २०७४ | १८५२ | ३९२६ | २७० | २३७ | ५०७ | २१ | १५ | ३६ | १२ | १३ | २५ |
| ६ | २७३ | १६५ | ४३८ | ३२ | १९ | ५१ | १ | २ | ३ | १ | ० | १ |
| ७ | ३१० | २६५ | ५७५ | ३४ | ४२ | ७६ | २ | ४ | ६ | २ | ० | २ |
| ८ | २१७ | १६७ | ३८४ | १२ | २७ | ३९ | ५ | ४ | ९ | ० | ० | ० |
| ६-८ | ८०० | ५९७ | १३९७ | ७८ | ८८ | १६६ | ८ | १० | १८ | ३ | ० | ३ |
| ९ | १७० | ११४ | २८४ | १० | १३ | २३ | २ | २ | ४ | ० | ० | ० |
| १० | २१२ | १८१ | ३९३ | २३ | १८ | ४१ | १ | ० | १ | ० | ० | ० |
| ९-१० | ३८२ | २९५ | ६७७ | ३३ | ३१ | ६४ | ३ | २ | ५ | ० | ० | ० |
| ११ | ११७ | ७२ | १८९ | १३ | १३ | २६ | १ | ० | १ | ० | ० | ० |
| १२ | ३५ | ४२ | ७७ | ३ | ० | ३ | ० | ० | ० | ० | ० | ० |
| ११-१२ | १५२ | ११४ | २९६ | १६ | १३ | २९ | १ | ० | १ | | | |

## १.३.६ शिक्षक सङ्ख्या र प्रवृत्ति

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीश्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | | सबै प्रकारका बिद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत्) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला% | विद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्तसङ्ख्या | महिला % | जम्मा | महिला | पुरुष | महिला% |
| पूर्व प्र.बि./ बा.बि.के. | १८ | | १८ | १८ | १०० | ४९ | २ | २ | ० | २ | २ | ४ | ४ | | १०० |
| आधारभूत (१-५) | ४० | ७ | ४७ | १३ | २७.६५ | ८६ | ० | ० | ० | ० | ० | | | | |
| आधारभूत (६-८) | ७ | २ | ७ | १ | १४.२८ | २२८ | ० | ० | ० | ० | ० | ३ | ० | ३ | ० |
| माध्यमिक (९-१०) | ३ | १ | ४ | १ | २५ | ४९७ | ० | ० | ० | ० | ० | ५ | ० | ५ | ० |
| माध्यमिक (११-१२) | ० | ० | ० | ० | | १५० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

### १.३.६.१ विद्यार्थी शिक्षक अनुपात अन्य सूचकहरुको अवस्था र प्रवृत्ति विश्लेषण

नेपालको बर्तमान शिक्षा ऐन २०२८(संशोधन सहित) तथा शिक्षा नियमावली २०५९(संशोधन सहित ) मा उल्लेख भए अनुसार विद्यार्थी शिक्षक अनुपात ५०:१ तराईमा रहेतापनि यस गाउँपालिकामा शिक्षक विद्यार्थी अनुपात आधारभूत तहमा ८६:१ , कक्षा ६-८ मा १२२८ तथा माध्यमिक तह (कक्षा ९-१०) मा शिक्षक विद्यार्थी अनुपात ४९७:१ र कक्षा ११ र १२ मा १११७ रहेको छ ।जुन राष्ट्रियस्तरमा तोकिएको भन्दा उच्च रहेको देखिन्छ । यसले समग्र शैक्षिक प्रक्रियालाई प्रभाव पारेको छ । विद्यार्थीको कक्षा व्यवस्थापन, बसाँई व्यवस्थापन गृहकार्य तथा कक्षा कार्यका साथै सिकाइ उपलब्धीमा समेत प्रभाव पारेको छ ।

## १.३.७ उपलब्धि तथा अन्तर (Gaps)

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ । विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धिर साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन् ।वि.स.२०८२ को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल कुल भर्नादर १२१.१ प्रतिशत पुगेको छ भने बसवरिया गाउँपालिकाका प्रारम्भिक बालविकास तथा शिक्षामा कुल ७६.७२भर्नादर रहेको छ । आधारभूत शिक्षा (कक्षा १–५) मा यो प्रतिशत क्रमशः १३३.९ र ९७.९ रहेको छ भन्ने यस पालिकाका खुद र कुल भर्ना दर क्रमशः

७०.३६ र ११७.२२ रहेको छ । त्यसै गरी आधारभूत शिक्षा (कक्षा१–८)कुल र खुद भर्ना दर क्रमशः १३६.१ र ९७.८ प्रतिशत रहेको छ भन्ने यस पालिकाका खुद र कुल भर्ना दर क्रमशः५०.४५ र ९९.५५ रहेको छ । कक्षा ८ सम्मको टिकाउ दर ७९.१ प्रतिशत मात्र रहेकोमा यस पालिकाका कक्षा ८ सम्मका टिकाउ दर ८९.९४ रहेका देखिन्छ।कक्षा १मा भर्ना भएका मध्ये ८३.०३ प्रतिशत कक्षा ८ मा पुग्छन भने ८२.७१ टिक्ने दर रहेको छ। माध्यमिक तह (कक्षा ९–१०)मा भने कुल र खुद भर्ना दर क्रमशः ५१.४ र १४.१४ रहेको छ भन्ने यस गाउँपालिकाका माध्यमिक तह (कक्षा ९–१२)मा भने कुल र खुद भर्ना दर क्रमशः ३३.६७ र ८.०८ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठूलो जनसङ्ख्या (९१.०२ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैह्रनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ । यसका हुनाका दुई कारण छन् । पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन् । दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन् ।

आधारभूत तहमा सहजै भर्नादरमा लैङ्गिक समता सूचक १.२६ पुगेको छ भने खुदमा १.१८ रहेको छ। माध्यमिक तहमा खुदमा भर्नादरमा सूचक समतामा १.४८ पुगेको देखिन्छ। त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १–५) ,आधारभूत तह (कक्षा १–८) ,माध्यमिक तह (९-१०) र माध्यमिक तह (९-१२ मा कुल भर्ना मध्ये क्रमशः ३.८७,११, १२,९,१५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन् ।विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहिको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रद्वारा कक्षा ३,५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्रद्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन् ।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पुरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसिहतको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ ।त्यसै गरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ

तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ।

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय, सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्नसक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँचभएका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चितगर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।

यसै गरी स्थानीय र प्रदेशतहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणालीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने, साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने,विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने,तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताको संस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिड-१९ का कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलव्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन्।

## १.४ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५वर्षे (वि.सं. २०७३-२०७८)समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त भएको थियो। यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्यउन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिने कार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् ।विद्यालय क्षेत्र विकास योजनामा लक्षित नतिजामार्फत विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए । यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीनतहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरूभयो ।आधारभुत तथा माध्यमिक शिक्षाको व्यवस्थापनसम्बन्धी मुख्य

दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ ।

विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना,वृहत समावेशी गुरूयोजना,सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरी पाठ्यक्रम प्रारूप परिमार्जन,शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्री विकास जस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य,क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाका लागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार,शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचकढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महुसस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहितस्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

## १.५ दिगो विकास लक्ष्यहरु

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनसँगै १५वर्षे सहश्राब्दि विकास लक्ष्यहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ । फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष्य ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएकोछ । नेपाल सरकारले सन् २०१५ मेको इन्चोन र सेम्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाको बैठकबाट पारितदिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य नं. ४ **"सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने"** पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोछ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारले वि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिकपछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन्।

प्रस्तुत कार्यढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष्य, स्थिति र मार्गदर्शनका आधारमा नेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र

भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधाररेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेकोछ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको  राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेकोछ ।राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति  जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुने व्यवस्था गरेकोछ ।

दिगो विकास लक्ष्य ४ ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयंसेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेकोछ । यस सन्दर्भमा नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयं सेवी  राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्था  अनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयंसेवी राष्ट्रिय समीक्षा गरेको थियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेकोछ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्ट गर्नु पर्ने सुझाव प्रस्तुत भएकोछ । सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पुरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमा सुधार आएको जस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेकोछ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियान अन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

### १.६ गाउँपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छः

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्ने;

२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;

३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता;

४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधारल्याई विद्यालयलाई बालमैत्री बनाउने;

५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्ने;

६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक–सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु;

७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी  विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;

८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने,शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि गर्ने;

९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;

१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;

११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;

१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमासुधार गर्न दिवा खाजालगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने;

१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;

१५. साक्षरता,निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;

१६.संघीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;

१७.सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

## १.७ पालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन्ः

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;

२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी  तथा नीतिगत आधार तयार भएको;

३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्यतथा सहयोगको प्रतिबद्धता रहेको;

४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको;

५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको;

६. संघीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको;

७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने;

८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको;

९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;

१०.सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;

११.यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

## १.८ गाउँपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व बसबरिया गाउपलिका शिक्षा ,युवा तथा खेलकुद शाखाले योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता

बसबरिया गाउँपलिकाको अध्यक्षबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन गाउँपलिकाको योजना शाखाबाट भएको थियो। यो योजना तयारीका क्रममा योजना शाखा, आर्थिक शाखा लगायत विषयगत शाखाहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न जनप्रतिनिधि, स्थानीय सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो ।

### १.८.१ योजना निर्माणमा विभिन्न श्रोत/सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिए।

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा,युवा तथा खेलकुद शाखाको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन्ः

- The institutional and context study
- The gender equality and social inclusion (GESI) study
- The education external efficiency analysis
- The social impact of education study
- The positive deviance study
- The disability-inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्त्वपूर्ण सन्दर्भका रूपमा काम गरेको गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, युवा तथा खेलकुद शाखाले १०देखि १५ जना सम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिए।

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन
- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण

- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

उल्लिखित बाह्र ओटा विषयगत प्रतिवेदनले यस योजनाका लागि महत्त्वपूर्ण आधार तयार गरेको थियो।

### १.८.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था

योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था निम्नअनुसारको रहेको थियो:

- **योजना निर्देशक समिति (ESP Steering Committee):** बसबरिया गाउँपलिकाको अध्यक्ष श्री रामसिंहासन रायको अध्यक्षतामा रहेको योजना निर्देशक समितिमा शिक्षा,सम्बन्धित पदाधिकारीहरू,योजना शाखा , आर्थिक शाखा,प्रशासन, विद्यालयका प्रधानाध्यापक , जनाप्रतिनिधि र तथा स्थानीय तह लगायतको प्रतिनिधित्व रहेको थियो ।

- **योजना प्राविधिक सल्लाहकार समूह (TAT):**शिक्षा नीति तथा योजनासम्बन्धी विज्ञको संयोजकत्वमा गठित योजना प्राविधिक सल्लाहकार समूहमा विभिन्न विज्ञ तथा शिक्षाविद्को सहभागिता रहेको थियो ।

- **योजना प्राविधिक समिति (ESP Technical Committee):** शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखको अध्यक्षतामा रहेको योजना प्राविधिक समितिमा गाउँपलिका न्तरगतका विभिन्न शाखाका प्रमुखहरू रहेका थिए ।
- **परामर्शदाता समूहहरू (Consultative Teams):** विभिन्न विज्ञ तथा परामर्शदाताहरुसँग मौखिक र लिखित सरसल्लाह लिएको थियो।
- **विषयगत अध्ययन समूहहरू (Thematic Teams):** माथि उल्लेख भएअनुसार गाउँपलिकाले सम्बन्धित विषय क्षेत्रका विज्ञको संयोजकत्वमा सम्बन्धित विषयका विज्ञ, गाउँपालिकाको निकायका सम्बन्धत क्षेत्रको अनुभव भएका कर्मचारीहरू, विकास साझेदारहरु समेत संलग्न भएका १२ ओटा विषयगत अध्ययन समूहहरू गठन गरेको थियो ।
- **प्रारम्भिक मस्यौदा समूहहरू (Initial chapter drafting Teams):** गाउँपालिकाले सम्बन्धित विषय क्षेत्रमा काम गर्ने ३ जना विज्ञ तथा कर्मचारी सम्मिलित टिमलाई योजनाका विभिन्न खण्डहरूको प्रारम्भिक मस्यौदा तयार गर्न लगाइएको थियो ।

### १.८.३ योजनाको पहिलो मस्यौदा विकास (ESP first draft preparation)

उल्लिखित प्रारम्भिक मस्यौदा समूहहरूबाट तयार भएका प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित गाउँपालिकाको टिमले काम गरेको थियो । यस क्रममा उल्लिखत विषयगत अध्ययनहरू, शिक्षा क्षेत्रको विश्लेषण प्रतिवेदन तथा सम्बन्धित अध्ययनहरू लगायत अन्य आवश्यक सन्दर्भहरूलाई समेत अध्ययन गरिएको थियो भने विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारीहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो ।यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाब तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिने छ ।

# परिच्छेद -२

# दीर्घकालीन सोच, ध्येय, उद्देश्य र रणनीति

## २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा सहितउठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय(Mission),उद्देश्यहरू(Objectives),रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक(Key indicators)प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच (Vision)

**“ बालमैत्री बिधालय प्रविधिमैत्री गुणस्तरीय शिपयुक्त शिक्षा ,बसबरिया गाउँपालिकाको अपेक्षा ”**

## २.३ ध्येय (Mission)

नेपाली मूल्य र मान्यता सहितको एक्काइसौं शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने।

## २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।

५. संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।

६. बालबालिकालाइ समबेशिता तथा समताको अधारमा शिक्षामा पहुँचको सुनिश्चित गर्नु ।

## २.५ रणनीतिहरू ( Strategies)

१. संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचा अनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्नेछ।

२. संघीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चित गर्नेछ।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्नेछन्।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने छ।

५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिकरण सहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने छ।

६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनाका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने छ ।

७. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सबलीकरण गरिने छ ।

८. अनौपचारिक शिक्षाको पुनर्परिभाषासहित अनौपचारिक र औपचारिक शिक्षाबिचको अन्तरसम्बन्ध विस्तार तथा अनौपचारिक शिक्षाको माध्यमबाट आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने छ।

९. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने छ।

१०.विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने छ ।

११.अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा  निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका  लागि संघ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक  कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गरिने छ ।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।

२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन् ।

३. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेको हुने ।

१. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान हुने ।

२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलव्धि हासिल हुने ।

३. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने  एउटा व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीय लगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध रोजगारउन्मुख हुने ।

४. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारु केन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुने ।

५. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तर सुनिश्चत हुने ।

६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने .

७. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

८. सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुने ।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)निम्न बमोजिम हुनेछ।

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ७५.८ | ६७.५६ | ६०.२० | ५३.६ | | **टूलकिट** |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **८६.2** | **८९.५** | **९४.०** | **९९.०** | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ६२.५ | ७०.२१ | ७८.८८ | ८८.६३ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **६८.६** | **७३.०** | **८५.०** | **९५.0** | | |
| **२.** | **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ७५.६ | ८१.८२ | ८८.४९ | ९५.७१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९६.9** | **९७.५** | **९९.०** | **१००** | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ११८.२ | ११३.४८ | १०८.९८ | १०४.६७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **१२१.९** | **११५.०** | **१०७.०** | **१०५.०** | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | १०३.२ | १०५.३६ | १०६.५६ | १०९.८२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९७.1** | **९९.०** | **९९.५** | **१००** | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | **१२६.६** | **१०७.१८** | **९०.७२** | **७६.७८** | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **११९.२** | **११५.०** | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **९८.३** | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | **११३** | **११०** | **१०७** | **१०५.०** | | |
| २.७ | | स्थानीय | **८५.६** | **१००.००** | **१००.००** | **१००.००** | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८२.३ | ९८.९ | ९९.९ | १००.०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २४.६ | २०.९१ | १६.७३ | ८.३७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | १.१२ | १.०६ | १.०१८ | १.०१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ८५.९ | ८९.५६ | ९३.४० | ९७.४० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | १०२.१ | १०१.०३ | ९९.९८ | ९८.९४ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ४२.४ | ५३.१९ | ६६.७२ | ८३.६९ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ३८.७ | ४९.४२ | ६३.१० | ८०.५७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.२५ | १.२५ | १.२५ | १.२५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) — नेपाली भाषा | स्थानीय | ४७.७ | ६५०८ | ७८.५ | १००.०० | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | गणित | स्थानीय | कार्तिक-मङ्सिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिम पछि राखिने | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को — नेपाली भाषा | स्थानीय | ६१.३ | ६५.३ | ७०.५ | ८०.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | गणित | स्थानीय | ५६.० | ६०.२ | ६५.५ | ७०.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |

| क्र.सं. | सूचक | | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.६ | ६०.५ | ६५.६ | ७५.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ४२.९ | ५६.६ | ६५.५ | ७२.८ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय वाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ८.६१ | ६.५ | ३.५ | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२.९** | **१.०** | **०.५** | **०** | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ५.९७ | ३.५ | १.५ | ० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६.६** | | **१.०** | **०** | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | २५.९२ | २७.५ | ३०.५ | ३५.०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४3.७** | **४५.०** | **५०.०** | **५०.०** | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | १९.४ | २४.१९ | ३०.१९ | ३७.६९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **४७.६** | | **६५.०** | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | **३५** | **३८.८४** | **४३.०७** | **४७.७५** | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **७१.४** | | | **९९.०** | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | १.३ | १.३२ | १.३३ | १.३४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **१.०२** | **१.००** | **१.००** | **१.००** | | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | ४२.४ | ६६.७२ | ८३.६९ | १०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **९७.५** | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | ३७.८ | ४८.४४ | ६२.०७ | ७९.५४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **६०.३** | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | **२४.०** | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ६३.०० | ७०.५ | ७५.५ | ८५.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ५४.०० | ६०.०० | ७०.०० | ८०.५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ३७.०० | ४५.०० | ५५.०० | ७५.०० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ४९.०० | ५५.०० | ६५.५ | ७.५ | ८५.५ | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ४१.३ | | ६५.५ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ५८.० | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ५२.१ | | ८५.५ | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ७०.५ | | १०० | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.५७ | | | ०.८७ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा | स्थानीय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| | | प्रदेश | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तहको | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | सो सरह)उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या) | राष्ट्रिय | छात्रा | | | | | | |
| | | | छात्र | | | | | | |
| ६. | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ८६:१ | | ७०:१ | ५०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | २२८:१ | | १००:१ | ८०:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | ८७:१ | | ७५:१ | ५५:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | | १६९:१ | | १००:१ | ७५:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | २०१:१ | | १५०:१ | ७५:१ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| ७. | **शिक्षामा लगानी** | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | ५.७ | ७.५ | ८.२ | ९.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |
| ८.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | १.०८ | २.५ | ३.५ | ६.५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १८ | २१ | २४ | | | |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | छैन |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ११ | १५ | १७ | | | |

# परिच्छेद- ३
# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक

तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ । नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एकवर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ । नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा बसबरिया गाउँपालिकाको दश वर्षे गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई उच्च प्राथमिकताका साथ समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुर्‍याउनका लागि सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूको हातेमालो वा सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमका उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निम्नानुसार उल्लेख गरिएको छ ।

### ३.१.२ वर्तमान अवस्था

बसबरिया गाउँपालिका अन्तर्गत कुल २१ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् । यी मध्ये बालविकास १७ बालविकास केन्द्रहरू विद्यालयमा सञ्चालित छन् । गाउँपालिकाभित्र ४४१ छात्रा र ४७१छात्र गरी ९१२ कुल जना बालवालिकाहरू रहेका छन् । यस पालिकामा रहेका चार वर्ष उमेर समूहका कुल बालबालिकाहरूमध्ये ७५.८ प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुने गरेका छन् भने कक्षा १ मा बालविकास केन्द्रको अनुभवसहित भर्ना हुने प्रवृति ६२.५ प्रतिशत पनि बढ्दो क्रममा रहेको तथ्य २०८१ सालको IEMIS बाट उजागर भएको छ । बालविकास विद्यालयमा सञ्चालित बालविकास केन्द्रको अवस्था सन्तोषजनक देखिन्छ । तर समुदायमा आधारित बालविकास केन्द्रहरूको व्यवस्थापन कमजोर रहेको पाइन्छ । बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूको सेवा,सुविधा समेत स्पष्ट गर्नु पर्ने अवस्था रहेको छ ।

### ३.१.३ समस्या, चुनौती र अवसर

समुदायमा रहेका चारवर्ष उमेर समूहका बालबालिका र हाल सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रहरूको अनुपात हेर्ने हो भने प्रति केन्द्र जना बालबालिकाहरू देखिन्छ । लगानी र सञ्चालन अनि व्यवस्थापनको दृष्टिकोणबाट यो सङ्ख्या अति ठुलो रहेको पाइन्छ । यसले प्रारम्भिक बालविकास केन्द्रको कार्यदक्षता र सक्षमतामा ऱ्हास ल्याउने देखिन्छ । अर्कोतिर,विद्यमान बालविकास केन्द्रको भौतिक पूर्वाधार अपर्याप्त हुनुका साथै बालमैत्री पनि बनाउन सकिएको पाईदैन । सैद्धान्तिक रुपमा हेर्दा चारवर्ष उमेरका बालबालिकाहरू आफ्नै घर वरपर समुदायमा नै रहेर सर्वाङ्गीण विकासको सहज अवसर हासिल गर्नु पर्ने हुन्छ ।प्रारम्भिक बालविकास केन्द्रहरूको सञ्चालन र व्यवस्थापनमा देखिएका मुद्दा,समस्या र चुनौतीहरूलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएका छन् ।

**समस्याः**

१. बालविकास केन्द्रको नक्शाङ्कन हुन नसक्नु,
२. प्रारम्भिक उमेरका बालबालिकाहरूको उमेर र स्तर अनुकुल प्रविधि मैत्री र बालमैत्री सिकाइ वातावरणको निर्माणमा नहुनु,

३. सिकाइ मापदण्डहरूको पूर्ण कार्यान्वयन हुन नसक्नु,
४. बालबालिकाहरूको चौतर्फी विकासमा टेवा पुऱ्याउन सिकाइ कुना अनुसारको सिकाइ सामग्रीको अपर्याप्तता,
५. प्रारम्भिक बाल शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी,
६. प्रारम्भिक बालविकास तथा शिक्षाको व्यस्थापनप्रति सरोकारवालहरूको चासो र न्यून सहभागिता,
७. प्रारम्भिक बालबालिकाहरूको विकास र सिकाइप्रति अभिभावकहरूको सचेतनाको कमी हुनु,
८. आवश्यक वित्तीय स्रोत व्यवस्था नहुनु,
९. विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कठिनाइ हुनु,
१०. बसाइ व्यवस्थान नहुनु,
११. प्राम्भिक बालविकाकाशको कुल भर्नादर (७५.८) न्यून हुनु ।

**चुनौतीः**

१. विद्यार्थी सङ्ख्याको अनुपातमा बालशिक्षकको दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु,
२. प्रारम्भिक बालकक्षाको भौतिक पूर्वाधार विकास,
३. अभिभावकको कमजोर आर्थिक अवस्था,
४. चारवर्ष उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने,
५. घट्दो विद्यार्थी भर्ना प्रवृत्ति,
६. वृहत विद्यालय सुरक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,
७. प्रारम्भिक बालबालिककाको विकास र सिकाइ व्यावहारिक, बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. संरचनागत व्यवस्था,
३. शैक्षिक सुधारमा सामाजिक सङ्घसंस्थाहरूको संलग्नता र क्रियाशीलता,
४. शैक्षिक विकास र न्यूनतम पारिश्रमिकको लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन।

### ३.१.४ उद्देश्य, रणनीति

**उद्देश्यः**

चार वर्ष उमेरका सबै बालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चिआत गर्न निम्न लिखित विशिष्ट उद्देश्यहरू निर्धारण गरिएको छन्ः

१. चार वर्ष उमेरका सबै बालबालिकाहरूलाई बालविकास तथा शिक्षामा पहुँचको विस्तार गर्नु,
२. प्रारम्भिक बालविकास तथा शिक्षाका गुणस्तर सुनिश्चिआत गर्नु,

३. प्रारम्भिक बालविकास कक्षा/केन्द्रमा सुरक्षित, भयरहित, बालमैत्री, प्रविधिमैत्री सिकाइ वातावरणको निर्माण गर्नु,

**रणनीतिः**

१. चारवर्ष उमेरका सबै बालबालिका विशेष गरी अवसरबाट वञ्चित सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको पहिचान गर्ने । (उद्देश्य १)
२. सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना तथा निरन्तरताका लागि प्रोत्साहित गर्ने । (उद्देश्य १)
३. बालबालिकाको उचित संरक्षण,स्याहार,पोषण तथा विकासका लागि अभिभावक शिक्षालाई अभियानको रुपामा सञ्चालन गर्ने । (उद्देश्य १,२)
४. प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूसँग सहकार्य, साझेदारी तथा सञ्जालीकरणमा जोड दिने । (उद्देश्य १)
५. गाउँ, टोल र बस्तीहरूको अवस्थिति र जनघनत्वलाई मध्यनजर राखी नक्शाङ्कनका आधारमा कक्षा/केन्द्र समायोजन र पुनर्वितरण गर्ने । (उद्देश्य १)
६. प्रारम्भिक बालसिकाइ मापदण्डको निर्माण र कार्यान्वयन (उद्देश्य २)
७. बाल सिकाइ क्षेत्रअनुसारको आवश्यक सामग्री सहित सिकाइ कुनाको व्यवस्थापन गरिने छ । (उद्देश्य २)
८. हरेक बालविकास कक्षा/केन्द्रमा बालउद्यानको निर्माण र व्यवस्थापन गरिने छ । (उद्देश्य २)
९. बाल विकास शिक्षकको निरन्तर पेसागत क्षमता विकासमा जोड दिने । (उद्देश्य २)
१०. सूचना तथा सञ्चामर प्रविधिलाई विकास र सिकाइको अभिन्न अङ्गको रूपमा उपयोग गर्ने । (उद्देश्य २)
११. विपत् उत्थानशील भौतिक पूर्वाधारको विकास र व्यवस्थापनमा जोड दिने । (उद्देश्य ३)
१२. बालविकास कक्षामा कार्यरत बाल विकास शिक्षक तथा कर्मचारीहरूद्वारा गरिने व्यवहार बालमैत्री बनाउने । (उद्देश्य ३)

### ३.१.५. उपलब्धि र नतिजा

**उपलब्धिः**

१. चार वर्ष उमेरका सबै बालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर विस्तार भएको हुने छ ।
२. प्रारम्भिक बालविकास तहको खुद भर्नादर ८० र बालक र बालिकाको भर्ना अनुपात १ पुगेको हुने छ ।
३. प्रारम्भिक बालविकास तहमा न्यूनतम योग्यता पुगेका शिक्षक शतप्रतिशत पुगेको हुने छ ।
४. कक्षा १ मा भर्ना हुने बालबालिकाहरूमध्ये ९० प्रतिशत बालबालिकाहरू एक वर्षको प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहितको हुने छ ।
५. सबै बालविकास शिक्षकहरूले न्यूनतम १० दिनको तालिम प्राप्त गरेको हुने छ ।
६. प्रारम्भिक उमेरका बालबालिकाहरूको चौतर्फी विकास (सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक) मा टेवा पुगेको हुने छ ।

**नतिजाः**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई १ वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुने ।
२. भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि सञ्चालित समुदायमा आधारित बालविकास केन्द्र व्यवस्थित हुने ।
३. प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था र विद्यालयहरू जिम्मेवार हुने ।

## ३.१.६. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको निर्माण | पटक | १ | - | १ | | - | १ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रवोधीकरण गर्ने | बाबिके | | | | १६ | | १६ |
| ३ | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | वडा सङ्ख्या | | ६ | ६ | | | ६ |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | सङ्ख्या | | ८ | ५ | ३ | | १६ |
| ५ | सबै वालविकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | वटा | | ७ | ५ | ४ | ० | १६ |
| ६ | बालउद्यान | बाबिके | | ९ | ३ | ३ | १ | १६ |
| ७ | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | बाबिके | | १० | ४ | २ | | १६ |
| ८ | अभिभावक शिक्षा | सङ्ख्या | | १६ | | | | १६ |
| ९ | सहजकर्तालाई दश दिने प्रारम्भिक सिकाइ तथा | जना | | २१ | | | | २१ |

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| | विकास मापदण्ड मा आधारित बालबिकास सम्बन्धी तालिम | | | | | | | |
| १० | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | केन्द्र | | १६ | | | | १६ |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा सञ्चामर प्रविधिमैत्री बनाउने | केन्द्र | ५ | ३ | ५ | ३ | | १६ |
| १२ | अनुगमन, सपरीवेक्षण सहयोग तथा सहजीकरण | केन्द्र | १६ | १६ | १६ | १६ | १६ | १६ |
| 1३ | न्यूनतम पारिश्रमिकको व्यवस्था | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| १४ | आमा समूह गठन तथा आमा दिवाखाजा कार्यक्रम | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ |
| १५ | क्लष्टर बैठक | सङख्या | ० | ४ | ४ | ४ | ४ | १६ |
| १६ | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ३६ |
| १७ | पालिका स्तरीय प्रारम्भिक बालबिकाश समिति गठन | पटक | | | १ | | १ | २ |
| १८ | बालबिकाश केन्द्र स्तरीय प्रारम्भिक बालबिकाश समिति गठन | पटक | | | १ | | १ | २ |
| १९ | एकिकृत प्रारम्भिक बालबिकाश योजना निर्माण एवं कार्यान्वयन | पटक | | | १ | १ | १ | ३ |
| २० | ELDS Report card मार्फत मुल्यांकन | पटक | | | १ | १ | १ | ३ |

### ३.१.७ बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र .सं. | प्रमुख क्रियाकलापहरू | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको निर्माण | | ५० | - | - | - | ५० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण गर्ने | | १०० | - | १०० | | २०० |
| ३ | प्रारम्भिक बालविकासको वडागत नक्शाङ्कन | | १०० | | | | १०० |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि अपाङ्गमैत्री शौचालयको व्यवस्था | | १४० | | ३०० | ६०० | १०४० |
| ५ | सबै बालविकास केन्द्रहरूमा बालमैत्री तथा सुविधाजनक सिकाइ कक्ष व्यवस्था | | १०० | १०० | १०० | १०० | ४०० |
| ६ | बालउद्यान | | ५० | १०० | १५० | २०० | ५०० |
| ७ | खेलकुद तथा सिकाइ सामग्रीको व्यवस्था | | १०० | १२० | १८० | ९० | ४९० |
| ८ | अभिभावक शिक्षा | | ५० | १०० | १५० | २०० | ५०० |
| ९ | सहजकर्तालाई दश दिने प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड मा आधारित बालविकास सम्बन्धी तालिम | | १०० | २०० | | ३०० | ६०० |
| १० | व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण | | १०० | | १०० | | २०० |
| ११ | बालविकास केन्द्रहरूलाई सूचना तथा | ९० | ९० | ९० | ९० | ९० | ४५० |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| | सञ्चार र प्रविधिमैत्री बनाउने | | | | | | |
| १२ | अनुगमन, सुपरीवेक्षण सहयोग तथा सहजीकरण | ५० | ५० | ५० | ५० | ५० | २५० |
| १३ | न्यूनतम पारिश्रमिकको व्यवस्था | १६३८ | १६३८ | १६३८ | १६३८ | १६३८ | ८१९० |
| १४ | आमा समूह गठन तथा आमा दिवा खाजा कार्यक्रम | | ५० | | १०० | | १५० |
| १५ | क्लष्टर बैठक | | ३० | ७० | १०० | १०० | ३०० |
| १६ | हरेक क्लष्टरमा उत्कृष्ट बालशिक्षक सम्मान कार्यक्रम | १८ | १८ | १८ | १८ | १८ | ९० |
| १७ | पालिका स्तरीय प्रारम्भिक बालबिकाश समिति गठन | | | १२० | | १२० | २४० |
| १८ | बालबिकाश केन्द्र स्तरीय प्रारम्भिक बालबिकाश समिति गठन | | | १५० | | १५० | ३०० |
| १९ | एकिकृत प्रारम्भिक बालबिकाश योजना निर्माण एवं कार्यान्वयन | | | २०० | २०० | २०० | ६०० |
| २० | ELDS Report card मार्फत मुल्यांकन | | | २० | २० | २० | ६० |
| | जम्मा | १७९६ | २७६६ | २९७६ | ३२९६ | ३८७६ | १४७१० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

मानव जीवनयापनका लागि आवश्यक पर्ने ज्ञान सिप आर्जन गर्ने गरी घर परिवार तथा समुदायमा आफ्ना विचारहरू अभिव्यक्त गर्न र समाजमा घुलमिल तथा आफूलाई सामाजिक परिवेशमा समायोजन गरी

सामाजिकीकरणमा सहज बनाउने प्रारम्भिक बालविकास देखि कक्षा ८ सम्मको शिक्षालाई आधारभूत शिक्षा भनिन्छ । नेपालको संविधान २०७२ को धारा ३१ मा र शिक्षा ऐन, २०२८ ले समेत आधारभूत शिक्षा निःशुल्क र अनिवार्य हुनेछ भन्ने व्यवस्था मौलिक हक अन्तर्गत राखिएको छ । हाल आधारभूत शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गरिएको छ । शिक्षामा सबैको पहुँचका लागि राजनैतिक प्रतिबद्धताको कमी रहेको र गरिएका प्रतिबद्धताहरू पनि कार्यान्वयनमा आएको पाइँदैन । एकातर्फ निर्दिष्ट सिकाइलाई मात्र स्तरीयता मान्ने र अर्कोतर्फ कागजी काम कार्वाहीलाई मात्र आफ्नो जिम्मेवारी र दायित्व सम्झने स्थिति देखिरहेको विद्यमान अवस्थामा व्यावहारिक परिवर्तन, श्रमको सम्मान, जीवनोपयोगी खोज, अनुसन्धान, संस्कार र संस्कृतिप्रति लगाव, नैतिक आचरण र जिम्मेवारी, विज्ञान र प्रविधिको १ देखि ८ सम्म आगामी ५ वर्ष भित्रका विभिन्न क्रियाकलापहरू यस योजनामा समावेश गरिएको छ ।

### ३.२.२ वर्तमान अवस्था

गाउँपालिकामा शैक्षिक सत्र २०८३ सम्ममा कक्षा १-८ सम्म सञ्चालन भएका जम्मा १६ ओटा (जसमा कक्षा १-३ सञ्चालित ३ ओटा, कक्षा १-५ सञ्चालित १३ ओटा) र ५ ओटा संस्थागत विद्यालय (कक्षा १-८ ) समेत गरी जम्मा २१ वटा विद्यालयहरू रहेका छन । कक्षा १ देखि ८ सम्म कुल विद्यार्थी सङ्ख्या ३३७८ जना अध्ययनरत छन् भने कक्षा १-५ मा २२९६ रहेका छन् । यस गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा आधारभूत तह, कक्षा १-५ को खुद भर्ना दर १०३ .२ प्रतिशत ,कुल भर्ना दर १२६.६ प्रतिशत रहेको छ भने कक्षा (१-८) को खुद र कुल भर्नादर क्रमशः ८५.९ र १०२.१ प्रतिशत रहेको छ। कक्षा १ मा भर्नाभई कक्षा ८ पुरा गर्ने ३८.७ र कक्षा ८ को टिकाउदर ४२.४ प्रतिशत रहेको छ । विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ । दिवा खाजा कार्यक्रमलाई सिकाइ तथा विद्यार्थीको स्वास्थ्यसँग प्रभावकारी ढङ्गले जोड्नुपर्ने आवश्यकता देखिन्छ । आधारभूत तहमा विद्यालय छोड्ने र दोहो-याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ ।

### ३.२.३ समस्या ,चुनौती र अवसर

**समस्याः**

१. कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेको विद्यार्थीहरूको सिकाइ उपलब्धिस्तर कमी रहनु,
२. आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकालाई सुन्यमा झार्नु,
३. आधारभूत तहको कक्षा १ मा भर्ना भै कक्षा ८ पुरा गर्ने दर सतप्रतिशत बनाउन नसक्नु,
४. आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैंगिक समता सूचांक १ बनाउन नसक्नु,
५. अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु,
६. भौतिक पूर्वाधार र विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्थापन नहुनु,
७. विद्यालयमा तहगत र विषयगत शिक्षक दरबन्दीको उचित व्यवस्थापन गर्न नसकिनु,
८. विद्यार्थी शिक्षक अनुपात तोकिएको मापदण्ड अनुसार नहुनु ,
९. शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी,
१०.विद्यालयमा शिक्षण सिकाइ अनुकुल वातावरणको निर्माणको कमी,

११.शिक्षण प्रविधिमैत्री हुन नसक्नु,

१२.शैक्षिक संस्थाको नक्साङ्कनका आधारमा विद्यालयहरूको समायोजन र पुनर्वितरण हुन नसक्नु,

१३.पालिकामा आवश्यक जनशक्तिको कमीका कारण नियमित विद्यालय अनुगमन तथा सुपरीवेक्षण गरी शिक्षकलाई पेसागत टेवा पुऱ्याउन नसकिनु,

१४.विद्यार्थीहरूको सिकाइ सहजीकरणका लागि हरेक विद्यालयमा पर्याप्त सन्दर्भ/स्रोत सामग्रीहरू सहितको पुस्तकालयको सञ्चालन र व्यवस्थापन गर्न नसकिनु,

१५.विद्यार्थीले विद्यालयमा कक्षागत र विषयगत रुपमा सिकेका कुरालाई दैनिक व्यावहारिक क्रियाकलापसँग आबद्ध गर्न नसकिनु ,

१६.विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नहुनु,

१७.शिक्षाप्रति सरोकारवालहरूको चासो र सहभागितामा कमी,

१८.शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको कमी,

१९.विद्यार्थीहरूलाई स्वास्थ्य, पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी,

२०.हरेक तह र कक्षामा विद्यार्थीको कक्षा दोहो-याउने र कक्षा छाड्नेदर न्यून कायम गर्न नसक्नु ।

**चुनौतीः**

१. कक्षागत र विषयगत शिक्षक दरबन्दी व्यवस्थापन,

२. अपाङ्गतामैत्री, बालमैत्री, विपद/प्रकोप उत्थानशील विद्यालय भौतिक पूर्वाधार विकास,

३. अभिभावकको कमजोर आर्थिक अवस्था,

४. विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालयमा ल्याउने,

५.शैक्षिक योजना कार्यान्वयनमा आर्थिक अभाव,

६. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क गराउनु,

७. विद्यालयमा समतामूलक र समावेशी वातावरणसँगै बृहत यौनिक शिक्षालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नु,

८. वृहत विद्यालय सुरक्षालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु,

९. अपाङ्गता भएका र सीमान्तकृत समुदायका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच विस्तार गर्नु ।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,

२. संरचनागत व्यवस्था,

३. सार्वजनिक शिक्षाप्रति जनअपेक्षा र चासो बढ्दै जानु,

४. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशीलता,

५. आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भए तापनि प्रादेशिक र सङ्घीय सरकारबाट समेत शिक्षामा लगानी अभिवृद्धि हुँदै जानु,

६. शैक्षिक व्यवस्थापन योजना निर्माण, कार्यान्वयन, अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,
७. शैक्षिक गुणस्तर सुधारको कार्यमा स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन हुनु,

## ३.२.४. उद्देश्य र रणनीति

**उद्देश्यः**

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छः

१. आधारभूत तहको शिक्षामा यस तहको उमेर समूहका सबै बालबालिकाको समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
३. आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई निर्धारित समयावधिमा आधारभूत तहको शिक्षा पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,
४. भौतिक पूर्वाधारको उचित व्यवस्थापन गर्नु,

**रणनीतिः**

आधारभूत शिक्षा सम्बन्धी उद्देश्यहरू हासिल गर्न देहाए बमोजिमका रणनीतिहरू अवलम्बन गरिने छ ।

१. सामुदायिक सचेनताका लागि अभियानमूलक कार्यक्रम सञ्चालनमा जोड दिने, (उद्देश्य १)
२. विद्यालय नक्शाङ्कनको विद्यालय समायोजन/पुनर्वितरण गर्ने, (उद्देश्य १)
३. मातृभाषा/स्थानीय पाठ्यक्रमको कार्यान्वयनको वातावरणको निर्माण गर्ने,(उद्देश्य १)
४. विद्यालय स्वास्थ्य र पोषण, दिवा खाजा, छात्रवृत्ति, सिकाइ सामग्री वितरण जस्ता प्रोत्साहनमूलक कार्यक्रम सञ्चालनमा विशेष जोड दिने, (उद्देश्य १)
५. अति सीमान्तकृत, विपन्न, अपाङ्गता भएका बालबालिकाहरूको अवस्था पहिचान गरी सम्बन्धित वर्ग लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने (उद्देश्य १)
६. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षाभित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गर्ने, (उद्देश्य १)
७. विद्यालयहरूमा भयरहित, प्रविधिमैत्री, सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरी समतामूलक र समावेशी सिकाइ वातावरण निर्माण गर्ने, (उद्देश्य १, २, ३)
८. कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्न सघन कार्यक्रम अभियानका रूपमा सञ्चालन गर्ने, (उद्देश्य २, ३)
९. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पदन मूल्याङ्कनको अभिन्न अङ्गको रूपमा विकास गरी शिक्षकलाई विद्यार्थीको सिकाइप्रति जवाफदेही बनाउने प्रणालीको विकास गर्ने, (उद्देश्य २, ३)
१०. शिक्षकहरूलाई शिक्षण विधि र प्रविधिमा अद्यावधिक गर्न शिक्षकको निरन्तर पेसागत क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने, (उद्देश्य २, ३)

११. शिक्षकलाई पेसागत निरन्तर सहयोग पुर्‍याउनका लागि विषयगत विज्ञ एवम् अनुभवी पूर्व शिक्षक कर्मचारीहरूको सहभागितामा शिक्षक पेसागत सहयोग समूह (Roster) निर्माण र परिचालन गर्ने, (उद्देश्य २, ३)
१२. विद्यार्थीहरूलाई कम्तिमा हप्तामा एक दिन कक्षामा सिकेका सैद्धान्तिक ज्ञान, सिप तथा अभिवृत्तिलाई व्यवहारमा प्रयोग गर्ने वातावरण सिर्जना गर्ने, (उद्देश्य २, ३)
१३. संघिय , प्रदेश , स्थानीय र सम्बन्य लागत साझेदारी संस्थाहरुको सहयोगमा भौतिक पुर्बाधार निर्माण र बिकाश गर्ने। (उदेश्य ४ )

### ३.२.५ उपलब्धि र नतिजा

**उपलब्धि**

१. सबै बालवालिकाहरूलाई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको अवसर सुनिश्चिआत भएको हुने छ ।
२. आधारभूत तहको कुल तथा खुद भर्नादर क्रमशः १०१ र ९० प्रतिशत पुगेको हुने छ ।
३. आधारभूत तहको बालबालिकाको भर्ना अनुपात समदरमा पुगेको हुने छ ।
३. कक्षा ८ सम्मको टीकाउद र ७०पुगेको हुने छ ।
४. कक्षा १ मा खुद भर्नादर ८०पुगेको हुने छ ।
५. आधारभूत तहमा विद्यार्थी सिकाइ उपलब्धिस्तर वृद्धि भएको हुने छ ।

**नतिजाः**

१. विद्यालय सम्बद्ध पदाधिकारी तथा अन्य सरोकारवालासँग आधारभूत शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन हुने,
२. आधारभूत तह उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकालाई औपचारिक शिक्षाभित्र सहभागी गराउन वैकल्पिक शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरिएको हुने,
३. विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने,
४. कक्षा १-३ सम्मका बालबालिकाको पढाइ सिपको विकास गर्न विभिन्न सघन तथा प्रतिस्पर्धात्मक कार्यक्रमहरू सञ्चालन भएका हुने,
५. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सिकाइ वातावरण (PMEC) पूरा भएको हुने,
६. आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
७. शिक्षकको निरन्तर पेसागत क्षमता विकास भएको हुने ।
८. शिक्षकले निशर्त रुपमा पेसागत सहयोग हासिल गरेको हुने ।
९. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने,
१०. आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
११. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने,
१२. विद्यालय शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने,

१३. विद्यालय शिक्षामा सूचना तथा सञ्चामर प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भइ सिकाइलाई सहयोग हुने,

१४. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भइ आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

### ३.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | आधारभूत तहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन सचेतनामुलक कार्यक्रम सँगै भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | पटक | | १ | | | | १ |
| ३ | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था तथा दरबन्दी मिलान | निरन्तर | | | | | | |
| ४ | स्वास्थ्य सिविरमार्फत अपाङ्गताको पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | कक्षा ५ सम्म पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजा प्रवन्ध | दिन | १८० | १८० | २०५ | २०५ | २०५ | ९७५ |
| ६ | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरता सम्वन्धी छलफल तथा अन्तर्किया कार्यक्रम | ओटा | ६ | ६ | ६ | ६ | ६ | ३६ |
| ७ | प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चालन | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ३६ |
| ८ | सिकाइ क्षति परिपूरण कार्यक्रम | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० |
| ९ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | | | २ | १ | १ | ३ |
| १० | प्रारम्भिक कक्षाहरुमा पढाइ लेखाइको क्षमता विकास कार्यक्रम | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | ८० |
| ११ | विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |

| क्र. स. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १२ | आधारभूत तहमा स्तरिकृत परिक्षा सञ्चालन र व्यवस्थापन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| १३ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम संचालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| १४ | सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र क्षमता विकास | विद्यालय | ० | ३ | ३ | ३ | ३ | १२ |
| १५ | शैक्षिक प्रदर्शनी | सङख्या | ० | १ | १ | १ | १ | ४ |
| १६ | विभिन्न सङ्घ संस्थाहरुसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन( शिक्षक तथा वि.व्य.स.को पदाधिकारिको क्षमता विकास, शैक्षिक भ्रमण,विद्यालय सुधार योजना निर्माण,स्थानीय पाठ्यक्रम निर्माण,शैक्षिक र खेल सामग्रीको व्यवस्थापन,विद्यार्थीको पोर्टफोलियो निर्माण तथा व्यवस्थापन, अपाङ्ग र बालमैत्री सौचालय निर्माण तथा व्यवस्थापन लगायत) | पटक | आवश्यकता अनुसार संघ संस्थाहरुसँगको आपसि समन्वय र सहकार्यमा | | | | | |
| १७ | एकिकृत पाठयक्रम सम्बन्धि तालिम/ पूर्ण ताजगी | बिधालय | | | १० | | १० | २०३ |
| १८ | कार्यसंचिका मार्फत मुल्यांकन | पटक | | | १ | १ | १ | |
| १९ | जुनियर रेड्क्रस, स्काउट, बाल/इको क्लब गठन तथा परिचालन | पटक | | | १ | १ | १ | ३ |

## ३.२.६.आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्ने अनुमानित बजेट (रु हजारमा)

| क्र. स. | प्रमुख क्रियाकलाप | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | आधारभूत तहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन सचेतनामुलक कार्यक्रम सँगै भर्ना अभियान सञ्चालन गर्ने | | ५० | ५० | ५० | ५० | २०० |
| २ | विद्यालय नक्साङ्कन पुनर्वितरण तथा समायोजन | | | ३०० | | | ३०० |

| क्र.स. | प्रमुख क्रियाकलाप | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| ३ | कक्षागत तथा विषयगत शिक्षकको व्यवस्था तथा दरबन्दी मिलान | | | | | | |
| ४ | स्वास्थ्य सिविरमार्फत अपाङ्गताको पहिचान | | ५० | ५० | ५० | ५० | २०० |
| ५ | कक्षा ५ सम्म पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजा प्रवन्ध | | | | | | |
| ६ | विद्यालयमा विद्यार्थीको सिकाइ निरन्तरता सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम | | | १०० | १२० | १२० | ३४० |
| ७ | प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिबाट बच्न सचेतनामूलक कार्यक्रम सञ्चालन | | १२० | १२० | १२० | १२० | ४८० |
| ८ | सिकाइ क्षति परिपूरण कार्यक्रम | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| ९ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | | | १९६०० | ९००० | ९००० | ३७६००<br>० |
| १० | प्रारम्भिक कक्षाहरुमा पढाइ लेखाइको क्षमता विकास कार्यक्रम | | १६० | १६० | १६० | १६० | ६४० |
| ११ | विद्यार्थीको सिकाइ उपलब्धि परिक्षण | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| १२ | आधारभूत तहमा स्तरिकृत परिक्षा सञ्चालन र व्यवस्थापन | २०० | २०० | २०० | २०० | २०० | १००० |
| १४ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम संचालन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| १५ | सिकाइमा सूचना तथा सञ्चामर प्रविधिको प्रयोग र क्षमता विकास | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| १६ | शैक्षिक प्रदर्शनी | | १०० | १०० | १०० | १०० | ४०० |

| क्र. स. | प्रमुख क्रियाकलाप | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १७ | विभिन्न सङ्घ संस्थाहरुसँगको लागत साझेदारीमा कार्यक्रम सञ्चालन( शिक्षक तथा वि.व्य.स.को पदाधिकारिको क्षमता विकास, शैक्षिक भ्रमण,विद्यालय सुधार योजना निर्माण,स्थानीय पाठ्यक्रम निर्माण,शैक्षिक र खेल सामग्रीको व्यवस्थापन,विद्यार्थीको पोर्टफोलियो निर्माण तथा व्यवस्थापन, अपाङ्ग र बालमैत्री सौचालय निर्माण तथा व्यवस्थापन लगायत) | ५०० | ६०० | ७०० | ७०० | ७०० | ३२०० |
| १८ | एकिकृत पाठयक्रम सम्बन्धि तालिम/ पूर्ण ताजगी | | | २०० | २०० | २०० | ६०० |
| १९ | कार्यसंचिका मार्फत मुल्यांकन | | | ६००० | ६००० | ६००० | १८००० |
| २० | जुनियर रेड्क्रस, स्काउट, बाल/इको क्लब गठन तथा परिचालन | | | १२० | १२० | १२० | ३६० |
| जम्मा | | १४०० | १९८० | २८४०० | १७५२० | १७५२० | ६६८२० |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षाका धारहरू साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक धार हुन । यस तहमा एकलपथीय पाठ्यक्रमको नीति अबलम्बन गर्ने गरिएको छ । कक्षा ९ र १० मा वार्षिक ३२ घण्टा र कक्षा ११ र १२ मा वार्षिक कम्तीमा २७ देखि ३२ पाठ्यघण्टाको विषयवस्तु राखिएको छ । मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी बहन गर्न सक्ने, विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह गर्न सक्ने, दैनिक जीवनमा भाषिक एवम् सञ्चारका साथै गणितीय सिपको प्रयोग गर्न सक्ने, श्रमप्रति सम्मान गर्दै कामको संसारमा प्रवेश गर्न सक्ने, प्राकृतिक एवम् सामाजिक घटनाको विश्लेषण गर्दै सकारात्मक व्यवहार प्रदर्शन गर्ने जस्ता सक्षमताहरू यस तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि तोकिएका छन । साथै विद्यार्थीहरूको मूल्याङ्कन एवम् स्तर निर्धारणका लागि राष्ट्रिय परीक्षा बोर्ड अन्तर्गत कक्षा १० को अन्तिम परीक्षा प्रदेश स्तरबाट र कक्षा १२ को अन्तमा लिईने परीक्षा संघबाट सञ्चालन हुने व्यवस्था छ ।

### ३.३.२ वर्तमान अवस्था

गाउँपालिकामा शैक्षिक सत्र २०८१ सम्ममा कक्षा १-१२ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयहरू ३ओटा (कक्षा १-१० का २वटा, कक्षा १-१२ का ३वटा) रहेका छन । माध्यमिक तहको लैङ्गिक समता सूचकाङ्क १.३ रहेको छ । यस तह (कक्षा ९-१२) मा शैक्षिक सत्र २०८१ मा जम्मा ७६३ विद्यार्थीहरू अध्ययनरत रहेका छन। गाउँपालिकाको वर्तमान अवस्था केलाएर हेर्दा माध्यमिक तह कक्षा ९-१२ को खुद भर्ना दर १९.४ प्रतिशत, कुल भर्ना दर ३५प्रतिशत रहेको छ । सामुदायिक माध्यमिक विद्यालयको माध्यमिक तह कक्षा (९-१२)मा जम्मा १० शिक्षकहरू (दरबन्दी, अनुदान र राहत समेत) रहेका छन । भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक प्रयास गरिएको छ । शिक्षकको क्षमता विकासका लागि विभिन्न क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ।

### ३.३.३ समस्या, चुनौती र अवसर

**समस्याः**

बसबरिया गाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र गाउँपालिकाले अनुभूति र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्।

१. माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर १९.४ र कुल भर्ना दर ३५ मात्र हुनु ,
२. आधारभूत तहबाट माध्यमिकमा ट्रान्जिट दर ४२.४ हुनु ,
३. कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० पुग्ने दर ३७.८ मात्र हुनु ,
४. विद्यार्थी सिकाइ उपलब्धि न्यून हुनु,
५. शिक्षण प्रविधिमैत्री हुन नसक्नु,
६. शिक्षक व्यवस्थापन हुन नसक्नु,
७. अपेक्षित शैक्षिक गुणस्तर सुधार गर्न नसक्नु,
८. शिक्षकको पेसागत क्षमताको विकासका अवसरहरूको कमी,
९. शिक्षाप्रति सरोकारवालहरूको चासो र सहभागितामा कमी,
१०.विद्यार्थीको सिकाइप्रति अभिभावक सचेत नहुनु,
११.विद्यालय विद्यार्थीको सिकाइप्रति सचेत नहुनु,
१२.शैक्षिक संस्थाको नक्शाङ्कनको हुन नसक्नु,
१३.शैक्षिक विकासका लागि आवश्यक वित्तीय स्रोतको कमी,
१४.सिकाइ अनुकुल वातावरणको निर्माणको कमी,
१५.आवश्यक जनशक्तिको व्यवस्थापन गर्न नसक्नु,
१६.विद्यार्थीहरूलाई स्वास्थ्य,पोषण र दिवाखाजाको व्यवस्थापनमा कमी,

**चुनौतीः**

१. संवैधानिक प्रावधानअनुरूप माध्यमिक तहको शिक्षालाई निःशुल्क गर्नु,
२. माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकाहरू विशेष गरी छात्रा, दलित, अपाङ्गता भएका अति सीमान्तकृत वर्ग र लोपोन्मुख समुदायका बालबालिकाहरू, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु,

३. सबै माध्यमिक विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउनु,

४. विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण र विषयगत शिक्षकको व्यवस्थापन गर्नु,

५. विद्यालय भौतिक पूर्वाधार विकास,

६. रोजगारिका लागि मौसमि बसाइसराई तथा बाह्य बसाइँसराई,

७. अभिभावकको कमजोर आर्थिक अवस्था,

८. विद्यार्थीको कक्षा दोहोर्याउने र कक्षा छाड्ने दर शुन्यमा झार्नु,

९. घट्दो विद्यार्थी भर्ना प्रवृत्ति,

१०. प्राविधिक विद्यालयको व्यवस्थापन,

११. शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु,

१२. सार्वजनिक शिक्षामा सबै नागरिकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु,

१३. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका विपद्प्रति उत्थानशील बनाउनु,

१४. गरिब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायतासहित सिकाइमा सहभागी बनाउनु,

१५. विद्यालयमा समावेशी र समतामूलक वातावरण सिर्जना गर्नु,

१६. अनौपचारिक तथा आजीवन सिकाइको अवसरमा वृद्धि गर्नु,

१७. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तारमा विस्तार गर्नु,

१८. संघीय संरचनाअनुरूप माध्यमिक शिक्षाको व्यवस्थापन तथा सञ्चालनका लागि नीतिगत, कानुनी तथा संरचनागत स्वरूपको विकास तथा कार्यान्वयन र संस्थागत क्षमता विकास गर्नु।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानूनि प्रावधान,

२. संरचनागत व्यवस्था,

३. सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु,

४. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशीलता,

५. माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक र सङ्घीय सरकारको समेतबाट शिक्षामा लगानी अभिवृद्धि हुँदै जानु,

६. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,

७. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु,

८. शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु,

९. शैक्षिक गुणस्तर सुधारका लागि गाउँपालिकाको आन्तरिक स्रोतको परिचालन हुनु।

### ३.३.४ उद्देश्य र रणनीति

**उद्देश्यः**

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्यहरू राखेको छः

१. माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नु,
२. माध्यमिक तहमा सबै बालबालिकाको सिकाइ उपलब्धिस्तरमा सुधार गर्नु,
३. माध्यमिक शिक्षामा कक्षोन्नति र टिकाउ दर बढाउनु,
४. विद्यालय शिक्षाको शासकीय र व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु,
५. प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसरलाई सहज बनाउनु,

**रणनीतिः**

माध्यमिक शिक्षा सम्बन्धी उद्देश्यहरू हासिल गर्न देहाए बमोजिमका रणनीतिहरू अवलम्बन गरिने छ ।

१. माध्यमिक शिक्षा उमेरसमूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गर्ने, (उद्देश्य १)
२. निर्धारित मापदण्डअनुसार सङ्घ र प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा विद्यालय नक्साङ्कनमार्फत् आवश्यकताअनुसार विद्यालयहरूलाई पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने । (उद्देश्य १)
३. माध्यमिक तहको शिक्षालाई क्रमशः निःशुल्क गराइँदै लगिने, (उद्देश्य १)
४. तहगत र विषयगत आवश्यकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने, (उद्देश्य २)
५. माध्यमिक विद्यालयहरूमा गुणस्तर सुधारका लागि विद्यार्थी केन्द्रित रचनात्मक तथा नवप्रवर्तनात्मक कार्यक्रमहरू सञ्चालनमा जोड दिने, (उद्देश्य २,३)
६. सम्पूर्ण माध्यमिक विद्यालयमा इ-पुस्तकालय विज्ञान प्रयोगशाला, पस्तकालय तथा कम्प्युटर ल्याबको अनिवार्य व्यवस्थागका साथै विपतद्
७. विपद् उत्थानशील भवन निर्माण गर्ने, (उद्देश्य २, ३)
८. अति सीमान्तकृत विपन्न, छात्रा, अपाङ्गता भएका, बालबालिकाहरूको पहिचान गरी उचित छात्रवृत्ति,आवसीय विद्यालय आदिको माध्यमबाट माध्यमिक तहको शिक्षाको निरन्तरताका लागि प्रोत्साहित गर्ने, (उद्देश्य २,३)
९. माध्यमिक विद्यालयमा सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय व्यवस्थापन तथा विकासप्रति प्र. अ. लाई उत्तरदायी बनाउने, (उद्देश्य ४)
१०. विद्यालयको कार्यसम्पादन परीक्षण गरी जवाफदेहिता, जिम्मेवारी, उत्तरदायित्व सुनिश्चत गर्ने, (उद्देश्य ४)
११. सङ्घ, प्रदेश र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँगको सहकार्य र साझेदारीमा माध्यमिक तहमा प्राविधिक धारको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने, (उद्देश्य ५)

### ३.३.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय माध्यमिक शिक्षामा पहुँचको अवसर सुनिश्चिआत भएको हुने छ ।
२. माध्यमिक तह (९-१२) को कुल भर्नादर ६९.५ र खुद भर्नादर ५० प्रतिशत पुगेको हुने छ ।
३. माध्यमिक तहको विद्यार्थी अनुपात समदरमा पुगेको हुने छ ।
४. माध्यमिक विद्यालयहरूमा सुरक्षित, भयरहित, बालमैत्री, प्रविधिमैत्री सिकाइ वातावरणको निर्माण भएको हुने छ ।

**नतिजाः**

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दर वृद्धि हुने,
२. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने,
३. विद्यालयहरूमा सुरक्षित र बालमैत्री, अपाङ्गमैत्री भौतिक पूर्वाधार विकास गरिएको हुने,
४. माध्यमिक तहमा शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई स्थानीय तहप्रति जवाफदेहि हुने गरी कार्यसम्पादन करार लागू भएको हुने,
५. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने,
६. गाउँपालिकाभित्रका सबै माध्यमिक विद्यालयहरूमा आवश्यकताअनुसार विद्यालय भवन, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्पुटरल्याव, सुद्ध खानेपानी, शौचालयका साथै अन्य आवश्यक पुर्वाधारको व्यवस्था भएको हुने,
७. कम्तीमा एउटा माध्यमिक विद्यालय आवासीय विद्यालयको रूपमा स्थापना हुने
८. विद्यार्थीहरू विभिन्न सामाजिक कार्यहरू (जु.रे.स., बाल क्लव, स्काउट आदि ) मा संलग्न रही प्राकृतिक प्रकोप तथा विपदमा सहयोगीका रूपमा सहभागी हुने

### ३.३.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | ५बर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | पटक | | | १ | | | १ |
| ३ | अति सिमान्तकरत,सिमान्तकृत,दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | विद्यालय | | | १ | २ | १ | ४ |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | ५ बर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| ४ | विद्यालयमा यातायातको व्यवस्था | सङ्ख्या | | | | | १ | १ |
| ५ | माध्यमिक तहसम्म दिवा खाजा विस्तार कार्यक्रम सञ्चालन | विद्यालय | | | | | ४ | ४ |
| ६ | सिकाइ क्षति परिपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | ४ |
| ७ | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य सिविरको व्यवस्था | विद्यालय | | ४ | ४ | ४ | ४ | ४ |
| ८ | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | विद्यालय | | | | | १ | १ |
| ९ | योग,ध्यान र प्रणयामको लागि क्षमता विकास कार्यक्रम | विद्यालय | | | | | ४ | ४ |
| १० | बालक्लव,जुरेस, स्काउटको ट्रुप,बालसञ्चाल गठन | विद्यालय | | | | ४ | ४ | ८ |
| ११ | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी,शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | सङ्ख्या | | | | १ | १ | ५ |
| १२ | भौतिक संरचना नियमित मर्मत, सम्भार ,निर्माण र विषयगय प्रयोगशाला आदिको व्यवस्थापन | विद्यालय | | | १ | १ | १ | ३ |
| १३ | तहगत इन्चार्जको क्लष्टर बैठक | सङ्ख्या | | | | | १ | १ |
| १४ | प्र.अ र शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | विद्यालय | | | | | ४ | ४ |
| १५ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | सङ्ख्या | १ | | | १ | १ | २ |
| १६ | सहभागीतामूलक र नतीजामूलक अनुगमन र मूल्याङ्कन | विद्यालय | | | | ४ | ४ | ८ |
| १७ | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसरको सृजान | विद्यालय | | | | | १ | १ |

### ३.३.७. माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क. सं. | प्रमुख क्रियाकलाप | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | विद्यार्थी भर्ना अभियान कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| २ | विद्यालय नक्साङ्कन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | | | १०० | | | १०० |
| ३ | अति सिमान्तकरत,सिमान्तकृत,दलित र विपन्न बालबालिकाको लागि छात्रवृत्तिको व्यवस्था | | | १०० | २०० | १०० | ४०० |
| ४ | विद्यालयमा यातायातको व्यवस्था | | | | ८००० | | ८००० |
| ५ | माध्यमिक तहसम्म दिवा खाजा विस्तार कार्यक्रम सञ्चालन | | | | | ४०० | ४०० |
| ६ | सिकाइ क्षति परिपूरणको लागि learning camp कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ७ | अपाङ्ग विद्यार्थी पहिचानको लागि स्वास्थ्य शिविरको व्यवस्था | | १०० | १०० | १०० | १०० | ४०० |
| ८ | एक विद्यालय एक नर्स कार्यक्रम विस्तार | | | | | | |
| ९ | योग,ध्यान र प्रणयामको लागि क्षमता विकास कार्यक्रम | | | | २०० | २०० | ४०० |
| १० | बालक्लव,जुरेस, स्काउटको ट्रुप,बालसञ्चाल गठन | | | | १०० | २०० | ३०० |
| ११ | प्रतिभा पहिचान तथा उत्कृष्ट विद्यार्थी,शिक्षक र विद्यालय पुरस्कार तथा सम्मान कार्यक्रम | | | | १०० | १०० | २०० |
| १२ | भौतिक संरचना नियमित मर्मत, सम्भार ,निर्माण र विषयगय प्रयोगशाला आदिको व्यवस्थापन | | | | १००० | १००० | २००० |
| १३ | तहगत इन्चार्जको क्लष्टर बैठक | | | | | १०० | १०० |

| क्र. सं. | प्रमुख क्रियाकलाप | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १४ | प्र.अ र शिक्षकसँग कार्यसम्पादन सम्झौता कार्यक्रम | | | | | | |
| १५ | नेतृत्व तथा क्षमता विकास कार्यक्रम | १०० | १०० | २०० | २०० | २०० | ८०० |
| १६ | सहभागीतामूलक र नतीजामूलक अनुगमन र मूल्याङ्कन | | | | ५० | ५० | १०० |
| १७ | कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन गर्ने अवसरको सृजान | | | | | | |
| जम्मा | | ५०० | ६०० | ९०० | १०३५० | २८५० | १५२००० |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१ वर्तमान अवस्था

शिक्षा प्रणालीलाई मुख्यतः औपचारिक र अनौपचारिक सिकाइमा वर्गीकरण गरिन्छ। औपचारिक शिक्षा विद्यालयमार्फत हुने प्रक्रिया हो भने, विद्यालयबाहिरका विभिन्न माध्यमबाट व्यक्तिले सिक्ने प्रक्रिया अनौपचारिक शिक्षा हो, जुन निरन्तर चलिरहन्छ। व्यक्ति जीवनको हरेक चरणमा केही न केही सिकिरहेको हुन्छ।को साक्षरता दर हाल  रहेको छ। यसमा पुरुष साक्षरता दर ५९.४  र महिला साक्षरता दर ४२.४ रहेको देखिन्छ, जसले पुरुष र महिलाबीच साक्षरतामा १७% को अन्तर देखाएको छ। यो तथ्यले स्पष्ट रुपमा महिलाहरूको शिक्षामा पहुँच सीमित रहेको र लिङ्गीय असमानता विद्यमान रहेको संकेत गर्दछ। गाउँपालिकाको कुल जनसंख्याको **४९%** निरक्षर रहेको तथ्यले साक्षरता वृद्धिका लागि थप प्रभावकारी कदम चाल्नु पर्ने आवश्यकता औंल्याउँछ। ५ वर्षभन्दा माथि उमेर समूहमा ५२.१% जनसंख्या मात्र साक्षर छ भने ४७.९% निरक्षर छन्। १५ वर्षभन्दा माथिका उमेर समूहमा हेर्दा स्थिति अझ गम्भीर देखिन्छ, जहाँ ४१.३% मात्र साक्षर छन् भने ५८.७% अझै पनि निरक्षर छन्। युवावर्ग (१५ देखि २४ वर्ष) मा भने तुलनात्मक रुपमा सुधार देखिएको छ, जसमा ७०.५% साक्षर र २९.५% निरक्षर छन्। यस तथ्यांकले युवा पुस्तामा साक्षरताको पहुँच सुधारिएको भए पनि अन्य उमेर समूहमा शिक्षा क्षेत्रको चुनौती अझै गहिरो रहेको देखाउँछ। यी आँकडाहरूले बसबरिया गाउपालिकामा साक्षरताका कार्यक्रमहरूलाई थप प्रभावकारी र लक्षित रूपमा सञ्चालन गर्न आवश्यक रहेको र शिक्षाको पहुँच सुनिश्चित गर्न अझ बढी प्रयास गर्नुपर्ने स्पष्ट सन्देश दिन्छ। यि माथि उल्लेखित निरक्षर जनसंख्यालाई साक्षर बनाउने सशत्त माध्यम नै अनौपचारिक शिक्षा अन्तर्गतको साक्षरता, सिपमुलक र आजीवन सिकाइ कार्यक्रम हो तर यसलाई व्यवस्थित गर्ने राष्ट्रिय शिक्षा समता प्रारुप पालिकाको मौजुदा कानुन कार्यान्वयन हुन सकेको छैन । ४९% निरक्षर

जनसङ्ख्यालाई साक्षर बनाउन यस्ता केन्द्रहरूको संख्या र प्रभावकारितामा वृद्धि गर्नुपर्ने आवश्यकता छ। साथै, सामुदायिक पुस्तकालयहरूको अभावले पनि साक्षरता अभियानमा अवरोध पुगेको देखिन्छ।

यस गाउपालिकाले विगतमा प्रौढ शिक्षा, किशोरी शिक्षा, तथा अन्य अनौपचारिक कार्यक्रम सञ्चालन गरेको भए तापनि, हालको तथ्याङ्कले ती कार्यक्रमहरूले पर्याप्त सुधार गर्न नसकेको देखाउँछ। सरकारले अनौपचारिक शिक्षा मार्फत बसबरिया गाउपालिकालाई साक्षर गाउपालिका घोषणा गर्ने लक्ष्य राखेको भए पनि हालसम्म यस क्षेत्रका कार्यक्रम प्रभावकारी बन्न सकेका छैन् । अनौपचारिक शिक्षा मार्फत व्यक्तिको पढ्न, लेख्न तथा सामान्य गणितीय सीपलाई विकास गर्दै व्यवहारिक ज्ञान र व्यवसायिक सीपमा वृद्धि गर्न सकिन्छ, जसले जीवनस्तरमा सुधार ल्याउँछ। यसलाई थप व्यवस्थित बनाउन र प्रभावकारी बनाउन स्थानिय सरकार संचालन ऐन, २०७४ तथा सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ बमोजिम कार्यान्वयन गर्न यो विद्यालय शिक्षा योजनाको लक्ष्य रहेको छ ।

### ३.४.२ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. औपचारिक र अनौपचारिक शिक्षाविच पारगम्यता,
२. बैकल्पिकधारबाट उच्चशिक्षासम्म हासिल गर्ने अवसरको विस्तार ।

**समस्याः**

१. साक्षरता सिपको दिगोपना हुन नसनु,
२. साक्षरता सिपलाई दैनिक व्यावहारिक जीवनसँग आबद्धता कायम गर्न नसनु,
३. आधारभूत साक्षरता कक्षा लिएका नवसाक्षरहरूलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवम् आय आर्जनका कार्यक्रमसहित साक्षरता सिपको दिगोपना एवम् दैनिक जीवन यापनमा आइपर्ने समस्या समाधानका लागि उपयोग गर्नका लागि ठोस कार्यक्रमको कमी,
४. साक्षरता, निरन्तर सिकाइ र आयमुलक कार्यक्रमहरूबिच तालमेल गर्न,
५. अनौपचारिक शिक्षा प्रदायक संस्थाहरूको संस्थागत स्वरूप दिगो नहुनु,
६. अनौपचरिक शिक्षाका कार्यक्रम सचालन गर्ने संस्थाहरूबिच संस्थागत र विधागत समन्वयमा कमी,
८. अनौपचरिक शिक्षाका कक्षाहरू शिक्षण प्रविधिमैत्री हुन नसनु,
९. सामुदायिक सिकाइ केन्द्रको सचालनका लागि न्यूनतम बजेटको व्यवस्था नहुनु,
११. युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरता पढने बानीको कमी र अनौपचारिक शिक्षा खुला तथा बैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसनु।

**चुनौती:**

१. बसबरिया गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्न नसक्नुले अझै ठुलो सङ्ख्यामा निरक्षरता विद्यमान रहेका छन्,
२. अनौपचारिक शिक्षाबाट हासिल गरिएको साक्षरता सिप र औपचारिक शिक्षाबिच समकक्षता कायम गर्ने,
३. अनौपचारिक शिक्षा कार्यक्रममार्फत हासिल भएको साक्षरता सिपलाई दैनिक व्यावहारिक जीवनसँग आबद्धता कायम गर्ने।

**अवसर:**

१. संवैधानिक प्रावधान, नीति र कानुनी प्रावधान,
२. संरचनागत व्यवस्था,
३. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
४. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन।

## ३.४.३ उद्देश्य र रणनीति

**उद्देश्य :**

१. शिक्षाको अवसरबाट वञ्चित भएका वर्गसमुदायका नागरिकहरूलाई बैकल्पिक माध्यमबाट निरन्तर एवम् आजीवन शिक्षाको अवसर विस्तार गर्नु,
२. साक्षरता, निरन्तर एवम् आजीवन शिक्षा दैनिक व्यावहारिक जीवनका लागि आवश्यक सिपसँग आबद्ध गर्नु,
३. विभिन कारणले विद्यालय बाहिर रहेका र बिचैमा विद्यालय छाड्ने बालबालिकाहरूलाई औपचारिक शिक्षामा पुनः प्रवेशको अवसर सिर्जना गर्नु।

**रणनीति :**

१. साक्षरतासम्बन्धी तथ्याङ्कीय आधार (database) अद्यावधिक गर्ने, (उद्देश्य १)
२. साक्षरता तथा साक्षरोत्तर शिक्षालाई अभियानको रूपमा सचालन गर्ने, (उद्देश्य १)
३. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, बैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने, (उद्देश्य १)
४. सामुदायिक सिकाइ केन्द्र प्रारम्भ गरी शैक्षिक सूचना केन्द्र एवम् आजीवन सिकाइको थलोका रूपमा विकास गर्न, (उद्देश्य १, २)
५. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुल र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने, (उद्देश्य २)
६. सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने, (उद्देश्य २)
७. दैनिक व्यवहारिक जीवनमा आइपर्ने ज्ञान तथा सिपसँग आबद्ध गराई अनौपचारिक, निरन्तर एवम् जीवनपर्यन्त सिकाइका लागि आवश्यक स्तरीकृत सिकाइसामग्रीहरूको निर्माण र प्रयोगमा जोड दिने, (उद्देश्य २)

८. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने, (उद्देश्य २)

९. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन सिपविकास तथा आयमूलक कार्यक्रम सचालन गर्ने, (उद्देश्य २)

१०. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको पहिचान गर्ने, (उद्देश्य ३)

११.विद्यालय बाहिरका बालबालिकाहरूको सिकाइको स्तरअनुसार समूहमा विभाजन गरी द्रुत सिकाइको माध्यमबाट बैकल्पिक सिकाइ प्रणालीअनुसार तहगत पाठ्यक्रमबमोजिम सिने अवसर उपलब्ध गराउने, (उद्देश्य ३)

१२.तहगत पाठ्यक्रमद्वारा निर्दिष्ट अवधिभरिको सिकाइपचात औपचारिक शिक्षाअन्तर्गत निर्धारित कक्षामा भर्नाको अवसर प्रदान गर्ने । (उद्देश्य ३)

### ३.४.४ उपलब्धि र नतिजा

**उपलब्धि :**

१. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

**नतिजा :**

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/आजीवन सिकाइ कार्यक्रम सञ्चालन | १ | २ | २ | ३ | ३ |
| २ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ६ | ७ | ८ | ८ | ९ |
| ३ | सामूदायिक सिकाइ केन्द्रको सङ्ख्या | | | १ | १ | २ |

### ३.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | घरधुरी सर्वेक्षण साक्षर निरक्षरको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक | पटक | १ | | १ | १ | १ | ४ |
| २ | सामुदायिक सिकाइ केन्द्रको स्थापना र परिचालिकाको क्षमता अभिबृद्धि तालिम | सङ्ख्या | | | १ | १ | २ | ४ |
| ३ | विद्यालय बाहिर रहेका बालबालिका तथा किशोर किशोरीहरुको लागि बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन | पटक | | | १ | १ | १ | ३ |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| ४ | महिला तथा प्रौढहरूलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालय बाहिर रहेका बालबालिका तथा किशोर किशोरीहरुको लागि सीप विकास तालिम | वटा | | | २ | २ | २ | ६ |
| ६ | प्रौढहरूलाई सिपविकास तालिम र आयआर्जनका कार्यक्रम प्रदान | सङ्ख्या | | | १ | १ | १ | ३ |

### ३.४.६ अनौपचारिक तथा आजीवन शिक्षाका प्रमुख क्रियाकलापहरू सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | घरधुरी सर्वेक्षण साक्षर निरक्षरको तथ्याङ्क सङ्कलन | १०० | | १०० | १०० | १०० | ४०० |
| २ | सामुदायिक सिकाइ केन्द्रको स्थापना र परिचालिकाको क्षमता अभिबृद्धि तालिम | | | १०० | १०० | २०० | ४०० |
| ३ | विद्यालय बाहिर रहेका बालबालिका तथा किशोर किशोरीहरुको लागि बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन | | | ५०० | ५०० | ५०० | १५०० |
| ४ | महिला तथा प्रौढहरूलाई साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ५ | विद्यालय बाहिर रहेका बालबालिका तथा किशोर किशोरीहरुको लागि सीप विकास तालिम | ५०० | | ५०० | ५०० | ५०० | २००० |
| ६ | प्रौढहरूलाई सिपविकास तालिम र आयआर्जनका कार्यक्रम प्रदान | | | २०० | २०० | २०० | ६०० |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| | जम्मा | ७०० | १०० | १५०० | १५०० | १६०० | ५४०० |

# परिच्छेद -४
# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम र मूल्याङ्कन

### ४.१.१ परिचय

विद्यालय तहको वर्तमान पाठयक्रम राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ हो । राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ मा विद्यालय तहको शिक्षालाई आधारभूत तह कक्षा १ देखि ८ र माध्यमिक तह ९ देखि १२ गरी दुई तहमा विभाजन गरिएको छ । त्यस्तै प्रारम्भिक बाल कक्षालाई पनि विद्यालय तहमा सामायोजन गरिएको छ । विद्यालय तहको पाठयक्रममा कक्षा १-३ मा एकीकृत पाठयक्रम ढाँचा लागू गरिएको छ । कक्षा १-३ को पाठ्यक्रम मुख्यतयाः थिम बेसमा आधारित भएको हुँदा सो को मूलमर्म अनुरुप पाठ्यक्रम लागू भएको नभएको सम्बन्धमा नगरले निरन्तर अनु‌ुगमन गर्नु पर्ने देखिन्छ । आधारभूत तहमा निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रुपमा लागू गर्नु जरुरी छ । यस्तै विद्यालय तहको कक्षा १-८ मा विषयगत शिक्षण ढाँचा अनुरुप पठनपाठन हुने व्यवस्था छ भने कक्षा ९-१२ को पाठयक्रमलाई भने एकलपथीय ढाँचामा ढालिएको छ । यसको प्रभावकारी कार्यान्वयन गर्ने गराउने सवालमा पनि नगरले निरन्तर शैक्षिक कार्यक्रम चुस्त दुरुस्त बनाउनु जरुरी छ । विद्यालय तहको पाठयक्रम कार्यान्वयन विशेषतः ९-१२ को ढाँचालाई कार्यान्वयन गर्नमा ठूलो चुनौती देखिन्छ । एकलपथीय विषयगत शिक्षणलाई व्यवस्थापन गर्न पर्याप्त मात्रामा शिक्षक व्यवस्थापन तथा विद्यालयगत रुपमा विविध विषयलाई प्रमुख बनाइ अघि बढ्नु समेत जरुरी देखिन्छ । कक्षा ११-१२ सम्मका विद्यालयहरुलाई स्तरीकृत गर्ने र स्थानीय माग अनरुपको पाठ्क्रमलाई प्राथमिकता दिने गरी विद्यालय सञ्चालन गर्नमा सहजीकरण गर्नु पनि आवश्यक छ । प्रत्येक विद्यालयमा सबैजसो विषयका पाठ्यक्रम र शिक्षक निर्देशिका अनिवार्य शिक्षकहरूलाई उपलब्ध गराइ शिक्षण कार्यलाई पूर्णतया पाठ्यक्रममा आधारित बनाउनु जरुरी छ ।त्यस्तै बाल विकास कक्षाहरुको सिकाइ व्यवस्थापनलाई पाठ्यक्रम अनकूल बनाउन नगरपालिकाले यसलाई मुख्य प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । आधारभूत तह कक्षा १ देखि ८ सम्म १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम सम्बन्धमा स्पष्ट रुपमा गाउ शिक्षा योजना निर्माण गरिनु पर्ने गुजरा नगरपालिकाको पहिलो सान्दर्भिक आवश्यकता देखिन्छ । स्थानीय ज्ञानको संरक्षण, प्रस्फुटन र विकासका लागि स्थानीय पाठयक्रमको निमार्ण गरी लागू गर्न राष्ट्रिय पाठयक्रम प्रारुप २०७६ ले स्थानीय तहलाई निर्देश गरेको छ । विशेषत स्थानीय आवश्यकतामा आधारित भई स्थानीय पाठक्रम निर्माण गर्नु पर्दछ यसका लागि

स्थानीय तहको नेतृत्वमा सरोकारवालाहरुलाई संलग्न गराइ  स्थानीय पाठयक्रम निमार्ण गर्नु पर्ने हुन्छ । विद्यार्थीको सिकाइ मूल्याङ्कनका सवालमा हाल आधारभूत तह कक्षा १-३ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने  आधारभूत तह कक्षा ४-८ मा ५० प्रतिशत बाह्य र ५० प्रतिशत  आन्तरिक मूल्याङ्कन गरी अन्तरिम मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । कक्षा ९ देखि कक्षा १२ सम्म बाह्य ७५ प्रतिशत र आन्तरिक २५ प्रतिशत गरि अन्तरिम मूल्यांकन गर्नुपर्ने व्यवस्था छ । कक्षा १० र कक्षा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन र मापदण्ड बमोजिम प्रदेश र संघले गर्ने गराउने व्यवस्था छ ।

**४.१.२ वर्तमान अवस्था**

हाल बसबरिया गाउँपालिका अन्तर्गगत कूल १६ वटा सामुदायिक विद्यालयहरु  र ४ वटा अनुमति प्राप्त निजी स्तरका विद्यालयहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार पालिका स्तरीय शैक्षिक गतिविधिहरु सञ्चालन भइरहेका छन् । विशेषतःस्थनीय पाठ्यक्रमको कार्यान्वयन भने राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को मुलमर्म अनरुप हुन नसकिरहेको देखिन्छ ।

यस बसबरिया गाउपालिकामा वर्तमानमा हेर्दा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लाई पूर्णतया सबै विद्यालयमा कार्यान्वयन गरिएको अवस्था छ । यस गाउपालिकामा सामुदायिक विद्यालयतर्फ प्रारम्भिक बालबिकास केन्द्र १८ वटा, आधारभूत बिधालय आधारभूत विद्यालय (कक्षा १ देखि ८) १६ वटा , माध्यमिक विद्यालय (कक्षा १ देखि १०) २ वटा र माध्यमिक विद्यालय (कक्षा १ देखि १२) २ वटा गरी कूल २० वटा विद्यालयहरुमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पूर्ण रुपमा कार्यान्वयनमा रहेपनि स्थानिय पाठ्क्रम भने लागू नभएको अवस्था छ । निजी स्तरमा सञ्चालित विद्यालयहरूले राष्ट्रिय पाठ्यक्रमद्वारा स्वीकृत आफु अनकूल शिक्षण सिकाइ कार्यक्रम सञ्चालन गरेका छन् । सबैजसो विद्यालयहरुमा स्थानीय पाठ्यक्रमको ठाउँमा ऐच्छिक अंग्रेजी वा कम्प्युटर विषय पढाइरहेको देखिन्छ ,जसलाई विस्थापित गरि गाउँपालिकाले सबै विद्यालयमा आफ्नै आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम लागू गर्नु जरुरी छ । विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा गाउँपालिका स्तरीय परीक्षा समिति गठन गरी गाउँपालिकाको शैक्षिक तालिका बमोजिम विद्यालयमा परीक्षाहरु संचालन गरिदैं आएका छन् । गत वर्ष कक्षा ८ अर्थात आधारभूत तहको अन्तिम परीक्षा केन्द्रीकृत तथा मूल्याङ्कन कार्यमा विद्यार्थीहरुको उत्तरपुस्तिका समेत गाउँपलिकामा केन्द्रित गरी  परीक्षण गरिएको थियो । कक्षा १ देखि ८ सम्म अनिवार्यतः लागू गर्नुपर्ने स्थानीय पाठयक्रम निर्माण र लागू गर्न सान्दर्भिक योजना आवश्यक देखिन्छ ।

यस कार्यमा स्थानीय स्तरका विविधतालाई संवोधन गर्ने तथा समावेशिताको सम्पूर्ण  पक्षलाई ध्यान पुर्याउनु जरुरी छ ।योजना निर्माण र कार्यान्यनको तहमा अपाङ्ग,दलित, सिमान्तकृत, लैङिगक आदिवासी जनजातीय समावेशिता हुने गरी व्यवहारिक योजना बनाउनु आवश्यक देखिन्छ । गाउपलिकाका विद्यालयहरुमा शिक्षण सिकाइका नियमित कार्यक्रमहरु सामान्यतया अघि बढिरहेको छ ।पाठ्क्रम र मूल्याङ्कन ढाँचा बारे निरन्तर शिक्षकहरुलाई प्रबोधिकरण कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न नसकिएको देखिन्छ यसको प्रमुख कारण भने बजेट तथा गाउँ  शिक्षा योजना बारे विस्तृत रुपमा कार्यक्रम निमार्ण गर्न नसक्नु नै देखिन्छ। यस सन्दर्भमा गाउँस्तरीय शैक्षिक

कार्यक्रमहरुलाई प्रभावकारी बनाउन गाउँपालिकाले स्पष्ट रुपमा गाउँ शिक्षा योजना र शैक्षिक क्यालेन्डर निमार्ण गरी लागू गर्नु पर्ने देखिन्छ । विशेषतः स्थानीय पाठयक्रम निमार्णका लागि व्यापक रुपमा छलफल चलाइ सरोकारवालाहरु व्यक्तिहरू, स्थानीय विषय विज्ञ तथा शिक्षकहरुको समिति बनाई पाठयक्रम निर्माणको लागि कोर टिम बनाउन जरुरी छ यसका मुख्यः प्राथमिकताका विषयहरु समेत पहिचान गरि आफ्नै विशिष्टतामा स्थानीय पाठक्रम बनाउन आवश्यक देखिएकोले यसलाई गाउँ शिक्षा योजनाको सान्दर्भिक विषय बनाउनु जरुरी छ।

### ४.१.३ मुद्दा, समस्या,चुनौती र अवसर

**मुद्दाः**

१. स्थानीय पाठ्यक्रम र राष्ट्रिय पाठ्यक्रमबिच तालमेल,
२. पाठ्यक्रमको अपनत्व र स्वामित्व,
३. पाठ्यक्रमको तत्वले समेट्ने क्षेत्रहरू,
४. शैक्षिक केन्द्रीकरण, विकेन्द्रीकरण र यसको स्थानीयकरणको प्रभावकारिता,
५. मूल्याङ्कन प्रणाली आवधिक कि निरन्तर ।

**समस्याः**

१. राष्ट्रिय र स्थानीय पाठ्यक्रमको मर्मअनुरुप शिक्षण सिकाइ क्रियाकलाप सचालन हुन कठिनाई,
२. शिक्षकद्वारा लिइएको पेसागत सिप विकास तालिमको प्रभाव न्यून हुनु,
३. पाठ्यपुस्तकमा आधारित शिक्षण सिकाइमा मात्र जोड दिइनु,
४. पाठ्यक्रम कार्यान्वयनमा सरोकारवालाको प्राथमिकता न्यून हुनु,
५. निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यन्वयन हुन नसनु,
६. पाठ्यक्रम कार्यान्वयनमा स्रोत र साधनहरू अपर्याप्त हुनु ।

**चुनौती:**

१. पाठ्यक्रम कार्यान्वयन अवस्था पत्ता लगाउन सूचकको आधारमा सहभागितामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्न,
२. पाठ्यक्रमका ज्ञान, सिप र प्रविधिलाई आधुनिक प्रविधि (ICT) सँग सामजस्य गर्न,
३. पाठ्यक्रमलाई सैद्धान्तिक मात्र नभई व्यावहारिक जीवनोपयोगी बनाउन,
४. पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्न र भएका संयन्त्रको संस्थागत क्षमता सबलीकरण गर्न,
५. स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम, स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री अपेक्षित रुपमा विकास तथा परिमार्जन गर्न,
६. निन्तर मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न,
७. स्थानीय स्रोत, साधन, स्थापित मूल्यमान्यता तथा मौलिक परम्परामा आधारित पाठ्यसामग्री निर्माण गर्न ।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता रहनु,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न नसनु,
४. स्थानीय तहको क्रियाशीलतामा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन हुनु
५. गाउँपालिकाको सबै विद्यालयमा इन्टरनेटको पहुँच हुनु ।

### ४.१.४ उद्देश्य र रणनीति

**उद्देश्यः**

१. पाठ्यक्रमको उद्देश्य अनुरुप सिकारुमा ज्ञान,सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
२. स्थानीय पाठ्यक्रम र सम्बन्धित पाठ्यसामग्रीको परिमार्जन गरी कार्यान्वयन गर्नु ,
३. आवधिक र निरन्तर मूल्याङ्कनको प्रभाकारी कार्यान्वयन गर्नु ,
४. सूचकमा आधारित सहभागीतामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्नु ।

**रणनीतिः**

१. विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप कार्यान्वयन गर्ने, (उद्देश्य १)
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधीकरण गर्ने, (उद्देश्य १)
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने, (उद्देश्य १)
४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सचालन गर्ने, (उद्देश्य १)
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोतसामग्री तथा विद्यार्थीका लागि सिकाइसामग्री, स्व:अध्ययन तथा सन्दर्भसामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने, (उद्देश्य १)
६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीयभाषा, बहुभाषा प्रयोग गर्ने, (उद्देश्य १)
७. समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई प्राथमिकता दिई स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको परिमार्जन र अभिमुखीकरण गर्ने, (उद्देश्य २)
८. मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने, (उद्देश्य २)
९. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादनसँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने, (उद्देश्य ३)
१०. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने,(उद्देश्य ३)
११. पाठ्यक्रम र मूल्याङ्कनको कार्यन्वयनको स्थिति पहिचान र आवश्यक प्राविधिक सहायता उपलब्ध गराउन सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन गर्ने । (उद्देश्य ४)

### ४.१.५ उपलब्धि र नतिजा

**उपलब्धि:**

१. पाठ्यक्रमको उद्देश्य अनुरुप सिकारुमा ज्ञान,सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।

२. स्थानीय पाठ्यक्रम र सम्बन्धित पाठ्यसामग्रीको परिमार्जन गरी कार्यान्वयन भएको हुने छ ।

३. आवधिक, निरन्तर मूल्याङ्कनको प्रभाकारी कार्यान्वयन र सूचकमा आधारित सहभागितामूलक र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ |
| २ | स्थानीय पाठ्यक्रमको निर्माण | | | | १ | |
| ४ | स्तरीकृत प्रश्नको प्रयोग गर्ने विद्यालय | १६ | १६ | १६ | १६ | १६ |
| ६ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ |
| ७ | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन भएका विद्यालय | १६ | १६ | १६ | १६ | १६ |

### ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | पाठ्यक्रम र शैक्षणिक योजना सम्बन्धी क्षमता विकास कार्यक्रम | सङ्ख्या | | १ | १ | १ | १ | ४ |
| २ | पाठ्यक्रम,पाठ्यसामग्री सम्बन्धी प्रबोधीकरण | पटक | | | | १ | | १ |
| ३ | शैक्षिकसामग्री निर्माण कार्यशाला | पटक | | १ | | १ | | २ |
| ४ | स्तरिकृत परिक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | | १ | | | २ |
| ५ | अनुगमन र मूल्याङ्कन सम्बन्धी सूचक निर्धारण कार्यक्रम | पटक | | १ | | | १ | २ |

### ४.१.७ पाठ्यक्रम र मूल्याङ्कनसँग सम्बन्धित क्रियाकलाप कार्यान्वयनको लागि अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | ५वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | पाठ्यक्रम र शैक्षणिक योजना सम्बन्धी क्षमता विकास कार्यक्रम | | १०० | १०० | १०० | १०० | ४०० |
| २ | पाठ्यक्रम,पाठ्यसामग्री सम्बन्धी प्रबोधीकरण | | | | १०० | | १०० |
| ३ | शैक्षिकसामग्री निर्माण कार्यशाला | | १०० | | १०० | | २०० |
| ४ | स्तरिकृत परिक्षा तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | १०० | | १०० | | | २०० |
| ५ | अनुगमन र मूल्याङ्कन सम्बन्धी सूचक निर्धारण कार्यक्रम | | १०० | | | १०० | २०० |
| | जम्मा | १०० | ३०० | २०० | ३०० | २०० | ११०० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना, रिक्त स्थानको पहिचान, पदपूर्ति,माग प्रतिशत निर्धारण, दरखास्त आव्हान तथा संकलन, जाँच तथा स्वीकृति लिने, परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक) ,उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट, नतिजा प्रकाशन, सूचना प्रकाशन, नियुक्तिका लागि सिफारिस, नियुक्ति पदस्थापन, कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन् ।

### ४.२.२ वर्तमान अवस्था

यस पालिकामा रहेका शिक्षक दरवन्दी ,शिक्षक विद्यार्थी अनुपात लगायतका विवरण तपसिल अनुसार रहेका छन् ।

| तह | सामुदायिक बिद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजी श्रोतबाट नियुक्त शिक्षक समेत) | | | | | सबै प्रकारका बिद्यालयको शिक्षक सङ्ख्या (संस्थागतको समेत) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला% | विद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला% | जम्मा | महिला | पुरुष | महिला% |
| पूर्व प्र.बि./बा.बि.के. | १८ | | १८ | १८ | १०० | २७ | २ | २ | ० | २ | २ | ४ | ४ | | १०० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (१-५) | ४० | ७ | ४७ | १३ | २७.६५ | ५९ | ० | ० | ० | ० | ० | | | | |
| आधारभूत (६-८) | ७ | २ | ७ | १ | १४.२८ | ९८ | ० | ० | ० | ० | ० | ३ | ० | ३ | ० |
| माध्यमिक (९-१०) | ३ | १ | ४ | १ | २५ | ४२ | ० | ० | ० | ० | ० | ५ | ० | ५ | ० |
| माध्यमिक (११-१२) | ० | ० | ० | ० | | १७५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| उच्च शिक्षा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

यस गाउँपालिकाका ५५%,शिक्षकले प्र अ व्यवस्थापन , ६६% ले मन्टेश्वरी, ७८% ले टिपिडी, ६०% ले पूर्नताजगी, ६०% ले सूचना प्रविधि सम्बन्धी तालिम र ८५% ले स्तरीकृत प्रश्न पत्र निर्माण आदि सम्बन्धी तालिम प्राप्त गरेका छन् , जुन आवश्यकताको प्राथमिकीकरण र मागमा आधारित रही संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा प्रदान गरिएको छ ।

गाउँपालिकामा आधारभूत तह कक्षा (१-३) र कक्षा (१-५) सञ्चालित विद्यालयहरूमा शिक्षकको दरबन्दी पर्याप्तता नरहनुका साथै विषयगत शिक्षकको प्रावधान नरहेकाले गणित, अङ्ग्रेजी अध्यापन गराउन केही कठिन देखिएको छ। आधारभूत तह कक्षा (६-८) मा विषयगत शिक्षकको दरबन्दी न्यून रहेकामा गाउँपालिकाले पनि गाउँपालिकाबाट अनुदान शिक्षकको व्यवस्था गर्न सकेका छैन । माध्यमिक तहमा पनि सोहीअनुसारको समस्या जिवित रहेको छ। शिक्षकको वृत्ति विकासका लागि समेत गाउँपालिकाले क्षमता विकासका कार्यक्रम सञ्चालन गर्न सकेका छैन । सङ्घसँग समन्वय सहकार्य केही तालिम सञ्चालन गरेको छ। तालिममा सिकेका विषयवस्तु व्यावहारिक रुपमा कक्षाकोठामा प्रयोगको स्थिति केही सुधार्नु पर्ने देखिन्छ। पुनर्ताजगी तालिम सञ्चालन गर्न सहज भए पनि शिक्षक पेसागत विकास (TPD) तालिमा शिक्षकहरूको माग बढी भएपनि स्थानीय तहले सञ्चालन गर्नसक्ने प्रावधान नरहेकाले शिक्षकहरूलाई तालिम प्रदान गर्न सकिएको छैन।

अपाङ्ग शिक्षकको व्यवस्थापन, लामो विदामा बसेको शिक्षकको विकल्प र शिक्षक विद्यार्थी अनुपातको आधारमा स्थानीय तहबाट उचित व्यवस्थापन तथा अपेक्षित प्रोत्साहनको कार्यक्रम पालिकाले सञ्चालन गर्न नसकेको पनि शिक्षकलाई पेशा प्रति सकारात्मक बनाउन न्युनतम पारिश्रमिकको व्यवस्था, पूर्नताजिगी तालिम लगायत क्षमता विकासका विभिन्न कार्यक्रम संचालन गरेको छ । पालिकामा विद्यालय व्यवस्थापन समितिको गठनका साथै शिक्षक दरवन्दी मिलान कार्य गर्न सकेको छैन। शिक्षा ऐन निर्माण , गाउँ शिक्षा योजना तथा शिक्षकको दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि निर्माणको चरणमा रहेकाले सोको कार्यान्वयन पश्चात आवश्यकतानुसार शिक्षक व्यवस्थापनको कार्य सम्पन्न गरिने छ । तथापि पालिकामा तपसिलका समस्या तथा चुनौतिहरु जिवित रहेको अवस्था छ।

### ४.२.३ समस्या,चुनौति र अवसर

**समस्याः**

१. विद्यालयमा आवश्यक तहगत/विषयगत शिक्षक दरबन्दी कमि हुनु ,
२. वस्तुनिष्ठ मापदण्डका आधारमा शिक्षक दरबन्दी मिलान गर्न कठिनाई,
३. शिक्षकको पेसागत उन्नयनका लागि आवश्यकतामा आधारित तालिमको कमि ,
४. शिक्षकको निरन्तर पेसागत विकासका लागि पेसागत सहयोग जस्तैः कोचिङ, मेन्टोरिङ्, उपलब्ध गराउन नसकिनु ,
५. सरोकारवाला निकायहरुमा (जस्तै शिक्षक,अभिभावक,जनप्रतिनिधि) उत्तरदायित्व र जवाफदेहितामा कमी हुनु,
६. विद्यार्थी शिक्षक अनुपात उच्च हुनु, (आधारभूत तह ८६:१,माध्यमिक तह ५९:१)
७. महिला शिक्षकको संख्या तुलनात्मक रुपमा कम हुनु ,
८. सत प्रतिशत शिक्षक तालिम प्राप्त नहुनु ,

**चुनौतीः**

१. विद्यालयमा तहगत/विषयगत शिक्षक दरबन्दी सुनिश्चित गर्न,
२. शिक्षण पेसालाई मर्यादित र रोजाइको पेसाका रुपमा विकास गर्न,
३. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि हासिल गर्न/ गराउन,
४. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्न ,
५. अपाङ शिक्षकको उचित व्यवस्थापन गर्न,
६. न्युनतम तलबको व्यवस्थापन गर्न

**अवसरः**

१. संवैधानिक,नीतिगत र कानूनी प्रावधान,
२. स्थानीय शिक्षा ऐन,गाउँ शिक्षा योजना र नियमावली निर्माणधीन अवस्थामा रहेको,
३. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशिलता सक्रिय रहनु,
४. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्नु,

### ४.२.४ उद्देश्य र रणनीति

**उद्देश्यः**

१. विषयगत र तहगत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।
२. शिक्षक तालिम,शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।
४. शिक्षकको जवाफदेहिता अभिबृद्धी गराउनु ।
५. शिक्षकको कार्य सम्पादन मुल्याकनलाई बिधार्थीको सिकाइ उपलब्धिसँग सम्बन्धित गर्नु ।

**रणनीतिः**

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगतरुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।(उद्देश्य १)
२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने । (उद्देश्य १ )
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप विकास सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।(उद्देश्य २)
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने ।(उद्देश्य २)
५. शिक्षकको उपस्थिति,नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।(उद्देश्य ३)
६. शिक्षक तथा प्रधानाध्यापकको कार्य सम्पादनलाई विद्यार्थीको सिकाई उपलब्धीसगँ सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने।(उद्देश्य ३)

### ४.२.५ उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र तहगत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।
३. बिधार्थीको सिकाइ उपलब्धिलाइ वृद्धि गर्ने

**नतिजाः**

| क्रसं | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | १६ | १६ | १६ | २१ | २१ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(%) | १००% | १००% | १००% | १००% | १००% |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | १००% | १००% | १००% | १००% | १००% |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ६०% | ६०% | ७०% | ८०% | ९०% |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | ० | ० | ३ | ५ | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कार्यसम्पादन सम्झौता कार्यन्वयन गरेको बिधालय संख्या | ० | ० | ८ | ३ | ३ |

### ४.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शिक्षकको पेशागत विकासको लागि विज्ञको सूची तयार | ओटा | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| ३ | शिक्षकहरुको क्षमता विकास कार्यक्रम (आइ. सी. टि.) | ओटा | ३ | ४ | ५ | ६ | ६ | २४ |
| ४ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | | | १ | १ | १ | ५ |
| ५ | उत्कृष्ट विषयगत शिक्षकलाई पुरस्कार तथा सम्मान कार्यक्रम | शिक्षक | ३ | ४ | ५ | ६ | ६ | २४ |
| ६ | शिक्षकहरुको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | समूह | १ | | | | | |
| ७ | शिक्षकहरुको कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | विद्याल य | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ८ | प्रधानाध्यापक र स्थानीय सरकार बीच कार्यसम्पादन करार सम्झौता | पटक | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ९ | शिक्षकहरु लामो विदामा बस्दा सिकाईका लागि बैकल्पिक व्यवस्था | शिक्षक | | | | ३ | २ | ५ |

### ४.२.७ शिक्षकको व्यवस्थापन र विकासका लागि प्रमुख कृयाकलाप र आवश्यक अनुमानित बजेट (रू हजारमा)

| क्रसं | प्रमुख क्रियाकलापहरू | ५ वर्षको बजेट लक्ष्य | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | २०८ १ | २०८ २ | २०८३ | २०८४ | २०८५ | जम्मा |
| १ | विद्यालय समायोजन तथा दरबन्दी मिलान | | | | | | |
| २ | शिक्षकको पेशागत विकासको लागि विज्ञको सूचि तयार | ५० | ५० | ५० | ५० | ५० | २५० |
| ३ | शिक्षकहरुको क्षमता विकास कार्यक्रम | ३०० | ४०० | ५०० | ६०० | ६०० | २४०० |
| ४ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | | | २०० | २०० | २०० | ६०० |
| ५ | उत्कृष्ट विषयगत शिक्षकलाई पुरस्कार तथा सम्मान कार्यक्रम | २०० | २०० | २०० | २०० | २०० | १००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | शिक्षकहरुको सामाजिक सञ्जालमा समूह निर्माण गरी अनुभव आदानप्रदान | | | | | | |
| ७ | शिक्षकहरुको कक्षाकोठामा विताउने समयको अभिलेखीकरण | १६० | १६० | १६० | १६० | १६० | ८०० |
| ८ | प्रधानाध्यापक र स्थानीय सरकार बीच कार्यसम्पादन करार सम्झौता | | | | | | |
| ९ | शिक्षकहरु लामो विदामा बस्दा बस्दा सिकाईका लागि बैकल्पिक व्यवस्था | | | | ३०० | ४०० | ७०० |
| | जम्मा | ७१० | ८१० | १११० | १५१० | १६१० | ५७५० |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

विभिन्न कारणले शिक्षाको मूलप्रवाहीकरणबाट बञ्चित विभिन्न वर्ग, जाति, लिंग, भाषा, फरक क्षमता भएका विद्यालयका बालबालिकालाई बहुभाषिक र स्थानीय भाषाको माध्यबाट शिक्षा प्रदान गर्नु आवश्यक हो । नेपालको संविधानको प्रस्तावनामा समेत नेपाली शिक्षालाई समतामूलक र समावेशी बनाउने अठोट गरिएको छ । राष्ट्रिय शिक्षा नीति-२०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन-२०७५, ले नेपालको तिनवटै सरकारलाई अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपमा पछाडि परेका सिमान्तकृत समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमको शैक्षिक संस्थाबाट निःशुल्क रुपमा विद्यालय उच्च शिक्षा र प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान सहित जिम्मेबारी तोकिएको छ । एकीकृत क्षमता र नीति-२०७१ कार्यान्वयनबाट बहु-वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहित शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अशक्त अपाङ्ग, अनाथ, फरक क्षमता भएका बालबालिकाका लागि आवाससहितको विद्यालय शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ, आर्थिक रुपले विपन्न बालबालिकाका लागि आर्थिक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

### ४.३.२ वर्तमान अवस्था

बसबरिया गाउँपालिका सामाजिक, आर्थिक, सांस्कृतिक विविधता भएको स्थानीय तह हो । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन् । यस गाउपलिकामा थारु ,बिश्वकर्मा ,मुसलमान ,यादव ,तेली ,चमार, कोइरी, धानुक, कुर्मी, दुसाद, मल्लाह, केवट, कथ्बनिया, ब्राह्मण र तराई, कलवार, कानु ,कुम्हार, हजाम/ठाकुर, धोबी, तत्मा, लोहार,हलुवाई,माझि,बरै,बिना,नुनिया,सोनार,कुमाल,क्यास्थ आदि गरी जम्मा २९ प्रकारको जातजातिहरु बसोवास गरेको छ ।

यस गाउपालिकामा बसोवास गर्ने जातजातिहरुको संरचनागक्त बनोटको आधारमा हेर्ने हो भने जम्मा २५९०५ मानिसहरुमा पुरुष १३२३७ महिला १२६६८ जना रहेको छ । जस मध्ये यादव समुदायको मानिसहरु ४२.६७ प्रतिशत रही बहुल्यता रहेको देखिन्छ भने सब भन्दम कम भूमिहार समुदायको ०.०५ प्रतिशतको मानिसहरुको बसोबास रहेको देखिन्छ । यसै गरी बाहिर मुलुकबाट आई यस नगरपालिकामा ०.०६ प्रतिशत मानिसहरुको बसोवास रहेको छ

| सूचक | प्रतिशत |
|---|---|
| बालविकास/पूर्व प्रा.बि.मा अपाङ्गता भएका बालबालिकाको प्रतिशत | १.० |
| आधारभूत तह (कक्षा १-८) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ०.५ |
| माध्यमिक तह (कक्षा ९-१२) मा अपाङ्गता भएका बिद्यार्थीको प्रतिशत | ०.० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि बिशेष बिद्यालयहरुको सङ्ख्या | ० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूका लागि समाहित शिक्षा सहितको सामुदायिक बिद्यालयहरुको सङ्ख्या | ० |
| बिभिन्न प्रकारका अपाङ्गता भएका बिद्यार्थीहरूको प्रारम्भिक परिक्षण र पहिचान (Early Screening) कार्य सम्पन्न गर्ने सामुदायिक बिद्यालयहरुको सङ्ख्या | २० |
| आधारभूततह (कक्षा १-५) मा दलित विद्यार्थिको प्रतिशत | १२.९ |
| आधारभूततह (कक्षा ६-८) मा दलित विद्यार्थिको प्रतिशत | ११.९ |
| आधारभूततह (कक्षा १-८) मा दलित विद्यार्थिको प्रतिशत | १२.६ |
| माध्यमिकतह (कक्षा ९-१०) मा दलित विद्यार्थिको प्रतिशत | १२.९ |
| माध्यमिकतह (कक्षा ११-१२) मा दलित विद्यार्थिको प्रतिशत | १०.९ |
| माध्यमिकतह (कक्षा ९-१२) मा दलित विद्यार्थिको प्रतिशत | १२.२ |
| आधारभूत (कक्षा १-८) र माध्यमिक (कक्षा ९-१२) तहमा बिपन्न छात्रवृत्ति प्राप्त गर्ने बिद्यार्थीको छात्र/छात्रा प्रतिशत | ४२.८ |

### ४.३.३ मुद्दा, समस्या,चुनौती र अवसर

**मुद्दाः**

१. अपाङ्ता भएका बालबालिकाहरूका लागि विशेष व्यवस्थापन वा समावेशी कक्षामा अध्ययन गर्ने अवसर उपलब्ध गराउने,
२. विविध पृष्ठभूमिबाट आएका बालकालिकाहरूका लागि उपलब्ध गराइने प्रोत्साहनलाई विशेषीकरण गर्ने वा सामान्यीकरण गर्ने,
३. शिक्षण सिकाइ विधि तथा पद्धतिलाई विशिष्ट परिस्थितिका विद्यार्थीकेन्द्रित गर्ने तौरतरिकाहरू,
४. समता कि समानता ।

**समस्याः**

१. अपाङ्गतामैत्री पूर्वाधारको अभाव: यसमा पहुँचयोग्य कक्षाकोठा, ऱ्याम्प, अपाङ्गतामैत्री शौचालय, आदि समावेश छन्।
२. अपाङ्ता भएका एवम् सिमान्तकृत बालबालिकाका लागि सिकाइ अनुकुल वातावरण निर्माण गर्न कठिनाई,
३. अपाङ्ता भएका बालबालिकाहरूको शिक्षामा पहुँच, सहभागिता न्यून हुनु,
४. एउटै सिकाइ वातावरण, मूल्याङ्कन र सहभागीताले विद्यार्थीमा समता कायम गर्न कठिन हुनु,
५. समता र समावेशी पक्षमा दक्ष शिक्षकको अभाव: समावेशी शिक्षा विधि र प्रविधिहरूमा तालिम प्राप्त शिक्षकहरूको ठूलो अभाव छ।
६. सीमित साधन र स्रोतहरू: जस्तै शिक्षण सामग्री, सहायक उपकरणहरू, र समावेशी शिक्षाका लागि आवश्यक पर्ने सिकाइ सामग्रीहरूको अभाव हुनु,
७. गरिव तथा विपन्न अभिभावकको क्षमता अभिवृद्धि र अभिभावकको आयआर्जन उकास्ने कार्यक्रम सचालन कमि,
८. स्रोतकक्षाको पहुँच नहुनु ।

**चनौतीः**

१. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न,
२. अपाङ्ता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण गर्न,
३. समाजमा अझै पनि विभेद, दुर्व्यवहार, हेपाइ प्रवृत्ति कम गर्न,
४. अपाङ्गमैत्री पाठ्यक्रम, सन्दर्भ स्रोतसामग्री, पाठ्यपुस्तकको व्यवस्थापन गर्न,
५. मनोवृत्तिगत बाधाहरू: अपाङ्गता भएका व्यक्तप्रति सामाजिक मनोवृत्ति अझै सकारात्मक बनाउन सकिएको छैन।
६. नीति कार्यान्वयनमा कमीः नेपालमा समावेशी शिक्षालाई समर्थन गर्ने नीति र कानुन भए पनि स्थानीय तहमा कार्यान्वयनमा कमी छ ।
७. अभिभावक/आमाबाबुको चेतनाको स्तर सुधार गर्न ।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशिलता सक्रिय रहनु,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न नसनु,
४. विभेदको वातावरण क्रमशः घट्दै जानु ।

## ४.३.४ उद्देश्य र रणनीति

**उद्देश्यः**

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिििचत गर्नु,
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,

३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिि‍चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु,

**रणनीतिः**

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने, (उद्देश्य १)

२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,(उद्देश्य १)

३. छात्रवृत्तिका लागि विपन्न  लक्षित गरी आर्थिक रूपले विपन, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका, अतिसिमान्तकृत बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने, (उद्देश्य १)

४. परिमार्जित पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने, (उद्देश्य ३)

५. आाधारभूत तहमा मातृभाषा, स्थानीयभाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने, ( उद्देश्य ३)

६. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चततासहित बालमैत्री वातावरण सिर्जना गर्ने। (उद्देश्य ३)

### ४.३.५ उपलब्धि र नतिजा

**उपलब्धीः**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा (१-८) कुल भर्नादरमा मा लैङ्गिक समता सूचाङ्क | १.२५ | १.२५ | १.२५ | १.२४ | १.१ |
| २ | कक्षा ९-१० मा खुद भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | १ | ०.९९ | ०.९८ | ०.९६ | ०.९५ |
| ३ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक(%) | ६० | १० | ८० | ९० | १०० |
| ४ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | १६ | १६ | १६ | १६ |

## ४.३.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | | | |
| २ | मा.वि. तह सम्म दिवाखाजाको विस्तार | विद्यालय | | ४ | ४ | ४ | ४ | १६ |
| ३ | बालबालिकाको अपाङ्गताको परीक्षण गरी वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ४ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सचालन | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ५ | लक्षित वर्गको लागि छात्रवृत्ति वितरण | सङ्ख्या | २० | २० | २० | २० | २० | १०० |
| ६ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम/ वृहत यौनिक शिक्षा सम्बन्धी कार्यक्रम सचालन | सङ्ख्या | ३ | ४ | ५ | २ | २ | १६ |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी सङ्घ/संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय र सहकार्य (विद्यालय स्तरमा गुनासो पेटिका,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति व्यवस्थापन र क्षमता विकास लगायत) | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ |

### ४.३.७ शैक्षिक समता र समावेशीकरण शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | ५वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | २०० | २०० | ३०० | ४०० | ५०० | १६०० |
| २ | मा.वि. तह सम्म दिवाखाजाको विस्तार | | | ४०० | ४०० | ४०० | १२०० |
| ३ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | १६० | १६० | १६० | १६० | १६० | ८०० |
| ४ | विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम सचालन | २०० | २०५० | २०० | २०० | २०० | २८५० |
| ५ | लक्षित वर्गको लागि छात्रवृत्ति वितरण | ३०० | ४०० | ५०० | २०० | २०० | १६०० |
| ६ | सबै प्रकारका विभेदको अन्तका लागि सचेतनामूलक कार्यक्रम सचालन | ३०० | ४०० | ५०० | २०० | २०० | १६०० |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी सङ्घ/संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय र सहकार्य (विद्यालय स्तरमा गुनासो पेटिका,लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्पर्क व्यक्ति व्यवस्थापन र क्षमता विकास लगायत | ३०० | ४०० | ५०० | ५०० | ५०० | २२०० |
| | जम्मा | १४६० | ३६१० | २५६० | २०६० | २१६० | ११८५० |

## ४.४ दिवा खाजा सहित पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू प्राप्ति र यस्ता आधारभूत स्वास्थ्य सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मक रुपमा सहज, प्रभावकारीता, मितव्ययिता बनाउन सहयोग पुग्दछ।

नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्यसम्प्रभुतालाई मौलिक हकको रुपमा स्वीकारिएको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ एवम् बालबालिकासम्बन्धी अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्यसम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेको छ।

### ४.४.२ वर्तमान अवस्था

सबैका लागि शिक्षाको डकार सम्मेलन सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारओटा अङ्गहरू समाबेश गरेको छ।

१. विद्यालय स्वास्थ्यसम्बन्धी नीतिहरू तय गर्नु,
२. सुरक्षित पानी तथा सरसफाइसहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु,
३. सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु,
४. विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु जसमाः
   क. अर्धवार्षिक रुपामा जुकाको औषधी वितरण (मंसिर र जेठमा)
   ख. किशोरीहरूलाई रक्त अल्पताबाट जोगाउन २६ हप्ता आइरन चक्कि वितरण (श्रावणदेखि १३ हप्ता र माघदेखि १३ हप्ता)
   ग. जेठको पहिलो हप्तामा स्वास्थ्य तथा पोषण सप्ताह (स्वास्थ्य शिक्षा प्रदान, वातावरणीय सरसफाइ र स्वास्थ्य परिक्षण)

सङ्घीय सरकारबाट प्राप्त २० रुपैयाले थोरै विद्यार्थी रहेका विद्यालयहरुमा खाजा व्यवस्थान गर्न केहि जटिल रहने र कम्तिमा ४० जना विद्यार्थी रहेका विद्यालयमा खाजा निर्माण गरी उपलब्ध गराउन तुलनात्मक रुपमा सहज भएको छ ।

### ४.४.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. दिवाखाजा कार्यक्रम आधारभूत तहको तल्लो कक्षामा मात्रै सीमित राने वा माध्यमिक तहसम्म विस्तार गर्ने,
२. दिवाखाजाका लागि स्थानीय खाद्य उत्पादनलाई प्रोत्साहित गर्ने वा तयारी खाजालाई निरन्तरता दिने,
३. दिवाखाजाका लागि प्राप्त हुने रकम अभिभावकलाई उपलब्ध गराउने वा विद्यालयले नै परिचालन गर्ने,
४. हरेक विद्यालयमा स्वास्थ्य स्वयम् सेवक/स्वाध्यकर्मीको व्यवस्था गर्ने वा नजिकको स्वास्थ्य कार्यालयबाट स्वास्थ्यसम्बन्धी सेवा लिने।

**समस्याः**

१. विद्यालय दिवा खाजाका लागि उपलब्ध हुने रकम अति न्यून हुनु,
२. विद्यालयस्तरमा दिवाखाजा व्यवस्थापन प्रभावकारी रुपमा सचालन हुन नसनु,

३. दिवाखाजा व्यवस्थापनमा स्थानीय अभिभावक एवम् जनसहभागिता र चासोमा कमी,
४. दिवाखाजामा स्थानीय उत्पादित खाजाको प्रयोग कमहुनु,
५. हात धुन सावुन पानी लगायतको सामग्रीको व्यवस्था नहुनु,
६. स्वास्थ्य परिक्षण र शिक्षाको प्रयाप्तता नहुनु ।

**चुनौतीः**

१. दिवा औखाजाको गुणस्तर सुनिश्चित गर्न,
२. दिवाखाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगोपना, पर्याप्त संरचनागत व्यवस्थापनका लागि गाउँपालिकाले कार्यविधि निर्माण गरी कार्यान्वय गर्न,
३. विद्यालय खाजा र सफाइ स्वच्छताका लागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चित गर्न,
४. उपयुक्त स्वरुप तथा स्थानीय पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्न,
५. विद्यालय खाजा, विद्यालय स्वास्थ्य पोषण तथा सफाइ स्वच्छतासम्बन्धी नीतिगत तथा कार्यक्रमका बिच सन्वयात्मक कार्यलाई व्यवस्थित बनाउनु ।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सने ।

## ४.४.४ उद्देश्य र रणनीति

**उद्देश्यः**

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।
२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

**रणनीतिः**

१. दिवाखाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै माध्यमिक तहसम्मका सम्पूर्ण बालाबालिकालाई दिवा खाजा उपलब्ध गराउने, (उद्देश्य १)
२. दिवाखाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन सुविधाहरु विस्तार गर्ने , (उद्देश्य १)
३. दिवाखाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने , (उद्देश्य २)
४. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने , (उद्देश्य २)
५. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने, (उद्देश्य २)
६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने, (उद्देश्य २)

७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयत्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने । (उद्देश्य २)

### ४.४.५ उपलब्धि र नतिजा

**उपलब्धि**

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने छ ।

**नतिजा**

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | १०० | १०० | १०० | १०० | १०० |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ |
| ३ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ५ | ५ | ३ | २ | १ |

### ४.४.६ प्रमुख क्रियाकलाप र लक्ष्यः

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | माध्यमिक तहसम्म स्वस्थकर तथा पौष्टिक दिवाखाजाको प्रबन्ध | विद्यालय | | | | ४ | ४ | ८ |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ४ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) प्रदान | पटक | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | विद्यालय | १० | १० | १० | १० | १० | १० |
| ६ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक | सङ्ख्या | ३ | २ | २ | ४ | ५ | १६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | | | | | | | |

### ४.४.७ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट (रु हजारमा)

| क्र.सं. | प्रमुख क्रियाकलाप | ५वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | माध्यमिक तहसम्म स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | ४०० | ५०० | ५०० | ५०० | ५०० | २४०० |
| २ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ४ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) प्रदान | २०० | २०० | २०० | २०० | २०० | १००० |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | | | | | | |
| ६ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा प्रयाप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | | ५०० | ५०० | ५०० | २०० | १७०० |
| जम्मा | | ८०० | १४०० | १४०० | १४०० | ११०० | ६१०० |

## ४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

### ४.५.१ परिचयः

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षामा कुनै बेला के हुन्छ भने कुरा कसैलाई थाहा हुँदैन। विगतमा विभिन्न समयमा हाम्रो देशले विभिन आपतकालीन समस्याहरू भोग्दै आइरहेको छ। बसबरिया गाउँपालिका एक पहाडी भू-भाग र खोलानालाहरू विद्यमान रहेको सन्दर्भमा मौसमअनुरूपमा जोखिमको अवस्थाहरू विद्यमान रहेको हुन्छ । जस्तैः वर्षायाममा अधिक वर्षा, बाढी पहिरोका कारण बाटोघाटो अवरूद्ध भई विद्यार्थीहरू विद्यालयमा सहजरूपमा आवतजावत गर्न

सक्दैनन्। फलस्वरूप विद्यार्थीहरू विद्यालय नियमित रूपमा उपस्थित हुन सक्दैनन्। यसको प्रभाव तथा असर प्रत्यक्ष रुपमा शिक्षाक्षेत्रमा परिरहेको छ। विशेष गरी वि.सं. १९९० को महाभूकम्प त्यस्तै २०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असर पारेको छ। यी विभिन्न आपतकालीन अवस्थालाई मध्यनजर गर्दै सुरक्षित शिक्षण सिकाइ गर्नका लागि बसबरिया गाउँपालिकाले पाँच वर्षे नयाँ गाउँ शिक्षा योजनामा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाबाट जोगिन र शिक्षालाई निरन्तरता दिने र वैकल्पिक विधि र माध्यमबाट शिक्षाको विकास गर्ने गरी यो योजना तर्जुमा गरिएको छ।

### ४.५.२ वर्तमान अवस्था

२०७२ सालको महाभूकम्प र २०७६ सालमा देखापरेको कोभिड-१९ ले विशेष गरी शिक्षा क्षेत्रमा ठूलो असर पुर्‍याएको छ। भूकम्प पछि निर्माण भएका भवनहरू भूकम्प उत्थानशील हुने गरी निर्माण भएको भएता पनि पहिला बनिसकेका भवनहरू सुरक्षित बालमैत्री छन् भन सकिन ।कोभिड- १९ ले पारेको सिकाइ आपूरणका लागि पालिकाले कक्षा १-५ सम्म बहुकक्षा बहुस्तर, कक्षा ६-८ मा डे बोडर्स र माध्यमिक तहमा दिवाखाजा विस्तार तथा आवासीय विद्यालय निर्माण गर्ने नीति अनुरुप बजेट विनियोजन गरी कार्य प्रारम्भ गरेको छ। सिकाइ क्षति आपूरणका लागि विभिन सङ्घ/संस्थाहरूसँग साझेदारीमा कार्यक्रम सचालन गरिएको छ। स्थानीय तहमा रहेको विपद् व्यवस्थापन समितले विपद्को समयमा आवश्यक सहयोग गर्ने कार्य गरिरहेको छ।

### ४.५.३ मुद्दा, समस्या,चुनौती र अवसर

**मुद्दाः**

१. आपतकालीन अवस्थामा विद्यार्थीहरूको सिकाइ निरन्तरताका लागि अपनाइने शिक्षण सिकाइ पद्धति,
२. आपतकालीन अवस्थामा अध्ययन अध्यापनका लागि उपयोग गरिने पाठ्यक्रमको निर्धारण: पूर्ण पाठ्यक्रम वा संक्षेषित पाठ्यक्रम,
३. छोटो समयमा अधिक सिकाइको सुनिश्चित गर्नका लागि अवलम्बन गरिने विधि वा पद्धति।

**समस्याः**

१. कमजोर भौतिक पूर्वाधार,
२. विपद उत्थानशील पद्धतिको विकास र सोको अवलम्बन गर्नका लागि योग्य र दक्ष जनशक्तिको अभाव,
३. आपत्कालीन अवस्थामा शिक्षण सिकाइ क्रियाकलाप सचालन गर्न शिक्षक दक्षताको कमी,
४. आवश्यक स्रोत र साधनको कमी,
५. आपतकालीन तथ संकटकालीन अवस्थाको सम्बोधन र प्रतिकार्य गर्ने संयत्रको अभाव,
६. अन्तर निकाय आपसी समन्वय र सहकार्यका लागि बलियो संयत्रकमी,
७. शैक्षिक संस्थाहरूमा विपद जोखिम न्यूनीकरणका लागि पूर्व तयारी हुन नसनु।

**चुनौतीः**

१. विपद जोखिमको अवस्थाको पूर्वानुमान,
२. विपद्उत्थानशील भौतिक संरचनाको निर्माण गर्नु,

३. विपद्को समयमा सिकाइ निरन्तरता प्रदान गर्नु,
४. खतरा र जोखिम क्षेत्रको पहिचान गर्नु।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरुको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकासका लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सने,
४. भौतिक पूर्वाधार विकास समिति र विपद् व्यवस्थापन समितिको व्यवस्था हुनु,
५. विपद् व्यवस्थापनमा प्रयोग हुने एम्बुलेन्स,जे. सि. वि. जस्ता साधनको गाउँपालिकामा उपलब्ध हुनु ।

## ४.५.४ उद्देश्य र रणनीति

**उद्देश्यः**

१. शिक्षा क्षेत्रको सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको गर्नु,
२. आपतकालीन र सङ्कटकालीन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी सिकाइ निरन्तरताको सुनििचित गर्नु ।

**रणनीतिः**

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने, (उद्देश्य १)
२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको क्षमता विकास गराउने, (उद्देश्य १)
३. शिक्षा क्षेत्रमा प्रभाव पार्न सने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण सहित विद्यालयस्तरीय विपद्प्रतिकार्य योजना तयार गर्ने, (उद्देश्य १)
४. आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षण सिकाइ क्रियाकलापको निरन्तरताको लागि सूचना तथा सचार प्रविधिको प्रयोग गर्ने, (उद्देश्य २)

## ४.५.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. शिक्षा क्षेत्रको सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकास भएको हुने छ।
२. आपतकालीन र सङ्कटकालीन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी सिकाइ निरन्तरता हुने छ ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ |

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| २ | हरित विद्यालय सङ्ख्या | ५ | २ | २ | ५ | २ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | १ | २ | २ | ५ | ६ |
| ४ | सिकाइ क्षति परिपूरण कार्यक्रम सञ्चालन भएका विद्यालय | १६ | १६ | १६ | १६ | १६ |
| ५ | पालिकस्तरीय शिक्षा समूह गठन | | | १ | | १ |

### ४.५.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्डको स्थनीयीकरण गर्ने | पटक | | १ | | | १ | २ |
| २ | विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | विपद् कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | पटक | | | १ | | | १ |
| ४ | हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकासको लक्ष्य प्रासि सम्बन्धी शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ५ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुन:स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | पटक | १ | २ | ३ | ४ | ६ | १६ |
| ६ | जोखिम क्षेत्र पहिचान गर्ने | पटक | | | १ | | | १ |
| ७ | गाउँपालिका स्तरीय शिक्षा समूह गठन | विद्यालय | | | १ | | | १ |
| ८ | बाल उद्यान निर्माण(हरित विद्यालय निर्माण) | विद्यालय | १६ | १६ | १६ | १६ | १६ | १६ |
| ९ | विद्यालय स्तरीय विपद व्यस्थापन समिति एवंम कार्यदल गठन | बिधालय | | | | १६ | | १६ |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १० | विपद् नक्सांकन तथा प्रकोप पात्रो व्यवस्थापन | बिधालय | | | | १६ | | १६ |

### ४.५.७ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाका प्रमुख क्रियाकलापहरु सञ्चालन गर्न अनुमानित बजेट (रु हजारमा)

| क्र. सं. | प्रमुख क्रियाकलाप | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्डको स्थनीयीकरण गर्ने | | १०० | | | १०० | २०० |
| २ | विपद् व्यवस्थापनसम्बन्धी क्षमता विकास कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ३ | विपद् कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | | | १०० | | | १०० |
| ४ | हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकासको लक्ष्य प्रासि सम्बन्धी शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने | १६० | १६० | १६० | १६० | १६० | ८०० |
| ५ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुन:स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ६ | जोखिम क्षेत्र पहिचान गर्ने | | | १०० | | | १०० |
| ७ | गाउँपालिकास्तरीय शिक्षा समूह गठन | | | १०० | | | १०० |
| ८ | बाल उद्यान निर्माण(हरित विद्यालय निर्माण) | १०० | १०० | १०० | १०० | १०० | ५०० |
| ९ | विद्यालय स्तरीय विपद् व्यवस्थापन समिति एवंम कार्यदल गठन | | | | ८० | | |
| १० | विपद नक्साङ्कन तथा प्रकोप पात्रो व्यवस्थापन | | | | १५० | | |
| | जम्मा | ४६० | ५६० | ७६० | ६९० | ५६० | ३०३० |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका अपरिहार्य अनि आधारभूत संरचना हुन्। शिक्षा नियमावली, २०५९ अनुसार सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने नीतिगत व्यवस्थापन गरीएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति, यस गाउँपालिकाको शिक्षासम्बन्धी नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरीएको छ।

### ४.६.२ वर्तमान अवस्थाः

गाउँपालिकामा हाल कुल विद्यालय  २० मध्ये १६ सामुदायिक र ४ सस्थागत विद्यालय रहेका छन्। सामुदायिक विद्यालय तर्फ १६ ओटा विद्यालयको पक्कि भवन रहेको छ । पक्कि भवन भएपनि केही विद्यालयमा पर्याप्तता छैन भने अन्य विद्यालयहरूमा भवनको आवश्यकता सँगसँगै घेराबार, शौचालय, खानेपानी, खेलमैदान आदिको आवश्यकता रहेकोछ। बनेका हालको  भवनहरू संरक्षण गर्न गाह्रो हुने स्थिति मात्र नभई विद्यार्थीको उपलब्धता चुनौतीपूर्ण छ। केही विद्यालयहरूका अधिकांश भवनको स्थिति अत्यन्त कमजोर अवस्थामा रहेको छ। १ वटा विद्यालय समायोजन वा बन्द गर्नु पर्ने अवस्थामा रहेका छ । विद्यालयहरूको  भवन तथा सामग्रीहरू सुरक्षामा चुनैती थपिएका छ । सबै विद्यालयमा इन्टरनेटको व्यवस्था गरिएको छ। यस गाउँपालिकाका अधिकांश भूभागमा शुद्ध पिउने पानीका अभाव भएकाले विद्यालयमा समेत शुद्ध खानेपानीको सहज उपलब्ध गराउन सकिएको छैन। उल्लिखित समस्याको व्यवस्थित रुपमा समाधान गर्नका लागि गाँउ शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक रहेको छ।

### ४.६.३ मुद्दा, समस्या, चुनौती र अवसर

**मुद्दाः**

१. भवनको प्रकृति,

२. विद्यालय समायोजनपचात कायम रहेका विद्यालय भौतिक पूर्वाधारको व्यवस्थापन,

३. आवासीय विद्यालय ।

**समस्याः**

१. सरकारद्वारा घोषित प्राथमिकता प्राप्त न्यूनतम पूर्वाधारको व्यवस्था सुनििचत हुन नसनु,

२. भौतिक संरचनाको संरक्षण, मर्मत सम्भारको कमी हुनु,

३. विद्यालयका लागि अत्यावश्यक पूर्वाधारहरू, जस्तैः ICT लगायत विषयगत प्रयोगशाला, पुस्तकालय, क्यान्टिन, खानेपानी, शौचालय, घेरावारा, पक्कि भवन आदिका लागि आवश्यक वित्तीय स्रोतको अपर्याप्तता,
४. सबै विद्यालयहरूको भौतिक पूर्वाधारलाई विपद्उत्थानशील बनाउन नसकिनु,
५. भुकम्प प्रभावित क्षेत्र भएकाले राज्यले पहिल्यै भवन निर्माण गरेको भनि पछिल्लो चरणमा बजेटको प्रबन्ध नगर्नु।

**चुनौती:**

१. पूर्वाधार विकासलाई गुणस्तरीय, पारदर्शी एवम् जवाफदेही बनाउन,
२. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास गर्न,
३. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका बढाउन,
४. आवश्यक स्रोतको पहिचान र व्यवस्थापन गर्न,
५. विद्यमान विद्यालय भौतिक संरचना बालमैत्री र अपाङ्गमैत्री बनाउनु ।

**अवसर:**

१. संवैधानिक, नीतिगत र कानूनि प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सक्ने,
४. २०७२ सालको भूकम्पपश्चात २१ ओटा विद्यालयहरूको भुकम्प प्रतिरोधी पक्की भवन निर्माण भएको।

## ४.६.४ उद्देश्य र रणनीति

**उद्देश्यः**

१. शिक्षा क्षेत्रमा मापदण्ड अनुसार भौतिक पूर्वाधार विकास गर्नु,
२. विद्यालयको मर्मत सम्भार तथा सबलीकरण गर्नु ।

**रणनीतिः**

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने, (उद्देश्य १)
२. विद्यालय पूर्वाधार विकास र सबलीकरणको लागि संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने । (उद्देश्य १,२)
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुन:निर्माण एवम् मर्मत सम्भार गर्ने, (उद्देश्य २)
४. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने । (उद्देश्य २)

## ४.६.५ उपलब्धि र नतिजा

**उपलब्धिः**

१. विद्यालयहरूमा मापदण्ड अनुसार भौतिक संरचना निर्माण भएका हुने छन्।
२. विद्यालयको मर्मत सम्भार तथा सबलीकरण हुने छ।

**नतिजाः**

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | नयाँ निर्माण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | ८ | ४ | ४ | ४ | ४ |
| २ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सङ्ख्या | १० | १० | १० | १० | ७ |
| ३ | नयाँ निर्माण गर्नु पर्ने शौचालय सङ्ख्या | ३ | ५ | ५ | ५ | ७ |
| ४ | नयाँ निर्माण गर्नु पर्ने विद्यालयको घेरावार सङ्ख्या | ५ | १० | १५ | १० | ७ |
| ५ | प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सङ्ख्या | ५ | ८ | ७ | १० | ७ |

## ४.६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | ५ वर्षको भौतिक लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | समायोजन भएका विद्यालयहरुको भौतिक व्यवस्थापन | विद्यालय | १ | २ | १ | २ | १ | ७ |
| २ | विद्यालयको विस्तृत भौतिक पुर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | पटक | | | १ | | | १ |
| ३ | विद्यालयको नक्साङ्कन | पटक | | | १ | | | १ |
| ४ | विद्यालयको विकासको लागि भौतिक सूचकको निर्माण | पटक | | | | १ | | १ |
| ५ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र घेरावारा | विद्यालय | १ | २ | ३ | ४ | ६ | १६ |
| ६ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | ३ | २ | २ | ४ | ५ | १६ |

### ४.६.७ विद्यालयको भौतिक पूर्वाधारको विकासका क्रियाकलाप कार्यान्वयनको लागि अनुमानित बजेट( रु. हजारमा)

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | ५ वर्षको बजेट लक्ष्य | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | समायोजन भएका विद्यालयहरुको भौतिक व्यवस्थापन | | | | | | |
| २ | विद्यालयको विस्तृत भौतिक पुर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयारी | | | ५०० | | | ५०० |
| ३ | विद्यालयको नक्साङ्कन | | | १०० | | | १०० |
| ४ | विद्यालयको विकासको लागि भौतिक सूचकको निर्माण | | | | १०० | | १०० |
| ५ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्द्धन तथा मर्मत सम्भार र घेरावारा | ३०० | ६०० | ९०० | ४०० | ६०० | २८०० |
| ६ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | ५०० | १००० | १००० | २००० | २५०० | ७००० |
| | जम्मा | ८०० | १६०० | २५०० | २५०० | ३१०० | १०५०० |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय :

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग पुग्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा समतामूलक पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सहयोग पुऱ्याउँदछ । यी चारओटा मार्गदर्शक सिद्धान्तका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ निर्माण गरिएकोमा यी सिद्धान्तहरू अहिलेको सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छन् ।उक्त गुरुयोजनाले पहिचान गरेका चारओटा प्राथमिकताकाक्षेत्रहरूमासूचना तथा सञ्चारका लागि संरचना (कनेक्टिभिटी,

सामग्री, आँकडा) तयार गर्ने; मानवीय स्रोत विकास गर्ने; डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका थिए । यी चारओटा क्षेत्रमा गुरुयोजनाले रणनीति, क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरेको थियो । यी क्षेत्रहरू हालको परिस्थितिमापनिसान्दर्भिकरहेकोले तदनुकुलरणनीति, क्रियाकलाप तथा लक्ष्यहरू अध्यावधिक तथा परिमार्जन गरी यस योजनामा समावेश गरिएकोछ। कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्न सक्दछ।

### ४.७.२ वर्तमान अवस्था

यस गाउँपालिकमा १६ वटा बिधालयमा इन्टरनेट जडान भएको छ। शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या ४ वटा रहेको छ। शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या पनि ४ वटा रहको छ । बिधुत पहुँच १६वटै विद्यालयमा पुगेको अवस्था रहेको छ ।

### ४.७.३ मुद्दा, समस्या,चुनौती र अवसर

**मुद्दाः**

१. सूचना तथा सञ्चार प्रविधिलाई विषयको रुपमा समावेश गर्ने वा शिक्षण सिकाइ क्रियाकलापको माध्यमको रुपमा;
२. सूचना तथा सञ्चार प्रविधिको उपयोगिता र प्रभावकारिता।

**समस्याः**

१. हरेक विद्यालयमा सूचाना तथा सञ्चार प्रविधिका लागि अत्यावश्यक पूर्वाधारको विकास गर्न सकिएको छैन,
२. हरेक विद्यालयमा पर्याप्त व्याण्डविथसहितको इन्टरनेट सुविधा उपलब्ध नहुनु,
३. विद्युतीय आपूर्तिको निरन्तरतामा कमी,
४. सूचाना तथा सञ्चार प्रविधिमा सिप एवम् दक्षतायुक्त शिक्षक एवम् प्राविधिक जनशक्तिको अभाव,
५. सूचना प्रविधिको उपयोगका लागि शिक्षकहरूमा जागरुकता, लगनशीलता र आफुलाई अद्यावधिक बनाउन नसनु,
६. सबै विषयमा शिक्षण एवम् सिकाइका लागि सफ्टवेयरमा आधारित डिजिटल सिकाइ सामग्रीहरूको कमी,
७. विद्युतीय पुस्तकालय (E-Library) को अभाव,
८. विद्यार्थीहरूले अधिकतम सूचना तथा सचार प्रविधिको शिक्षण सिकाइका लागि उपयोग नगर्नु,
९. सबै विद्यालयमा प्रविधिमैत्री विद्यालयको भौतिक पूर्वधारको विकास हुन कठिन,
१०. सूचना प्रविधिको क्षेत्रमा आवश्यकतानुसार लगानी नहुनु।

**चुनौतीः**

१. सूचना तथा सञ्चार प्रविधिमैत्री भौतिक पूर्वाधारको विकास र व्यवस्थापन,

२. सूचना प्रविधिको प्रयोग गर्न  सने दक्ष जनशक्तिको विकास र परिचालन,
३. सूचना तथा सचार प्रविधिमैत्री डिजिटल सिकाइ सामग्रीको उत्पादन र प्रयोग,
४. आवश्यक वित्तीय स्रोतको प्रबन्ध,
५. सूचना तथा सञ्चार प्रविधिमा आधारित स्वचालित विद्यालय व्यवस्थापन प्रणाली (Automated School Management System) को विकास र उपयोग ।

**अवसरः**

१. संवैधानिक, नीतिगत र कानुनी प्रावधान,
२. शैक्षिक सुधारमा सामाजिक सङ्घ/संस्थाहरूको संलग्नता र क्रियाशीलता,
३. शैक्षिक विकास लागि स्थानीय तहको आफ्नै आन्तरिक स्रोत परिचालन गर्न सने,
४. सबै विद्यालयमा इन्टरनेट जडान भएको,
५. गाउँ/वडास्तरमा विद्युत आपूर्ति भएको।

### ४.७.४ उद्देश्य र रणनीति

**उद्देश्यः**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु,
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सचार प्रविधिको प्रयोग गर्नु ।

**रणनीतिः**

१. सबै विद्यालयमा सूचना तथा सचार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने, (उद्देश्य १)
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने, (उद्देश्य १)
३. विभिन कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने, (उद्देश्य २)
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सचार प्रविधिको प्रयोग गर्ने, (उद्देश्य २)
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने। (उद्देश्य २)

### ४.७.५ उपलब्धि र नतिजा

**उपलब्धीः**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने छ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

नतिजाः

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ |

| क्र.स. | सूचक | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ |
|---|---|---|---|---|---|---|
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ |
